म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २८८ बुधवार १६ जेठ २०८१ ने. सं. ११४४ बछलागा 29 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## वातावरण दिवसको अवसरमा सरसफाई

हेटौंडा, १४ जेठ/बिश्व वातावरण दिवसको अवसरमा हेटौंडा-११ का बिभिन्न टोलमा सरसफाई गरिएको छ । ५२ औं वातावरण दिवसमा वडाका २३ वटै टोल विकास संस्थाले टोल सर सफाइ गरेका हुन् । टोल विकास संस्था वडासमन्वय समितिको आह्वानमा जेठ १० गते टोल विकास संस्थालाई सफाईका सामग्री बितरण गरेर सुरु गरेको कार्यक्रममा ११ गते रक्तदान, १२ गते बालसमूह, विद्यालयको सहभागितामा हाजिरीजवाफ, १३/१४ गते सर सफाई गरिएको हो । यसैगरी १५ गते वडाभरका टोल विकास संस्थाको सहभागितामा सचेतनामूलक प्रदर्शनी तथा पुरस्कार बितरण गरिने भएको छ । ११ नम्बर वडा कार्यालयको आर्थिक ब्यवस्थापनमा भइरहेको कार्यक्रमको अनुगमन वडाअध्यक्ष जुना दाहाल, सदस्यहरु विकास नेपाल, सन्जय बिडारी, गोपिनी सापकोटा, गीता सुनार, टोल विकास संस्था नगरसमन्वय समितिका उपमहासचिव देवकुमार श्रेष्ठ, वडासमन्वय समितिका अध्यक्ष यज्ञबहादुर आचार्य, कार्यसमितिका पदाधिकारीले गरेको थियो ।

### हेटौंडा कपडा उद्योगमा अझै राजनीति, जनताका आँखामा छारो कतिन्जेल हाल्ने ?

# हेटौंडा कपडा उद्योग चलाउन कठिन, सरकारी रटान निरन्तर

भानुभक्त आचार्य

हेटौंडा, १५ जेठ/ सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि १८ खर्ब ६० अर्ब रुपैयाँ बराबरको बजेट सार्वजनिक गर्दैगर्दा हेटौंडा कपडा उद्योग संचालन गर्ने घोषणा गरेको छ । संघीय संसदको संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दै अर्थमन्त्री बर्षमान पुनले हेटौंडा कपडा उद्योग संचालनमा ल्याइने बताएका छन् जुन विषय जनताका आँखामा छारो हाल्ने काम मात्र बनेको छ ।

पछिल्ला वर्ष हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने भन्दै आधा दर्जन अध्ययन भए । सोही प्रतिवेदन अनुसार उद्योग सञ्चालनको प्रस्तावबारे पटकपटक मन्त्रीपरिषदमा छलफल पनि भयो तर, उद्योग संचालन भने हुन सकेन । प्रत्येक उद्योगमन्त्रीको पहिलो काम नै हेटौंडा कपडा उद्योग चलाउने भन्दै अध्ययन समिति बनाउँछन् । तर, प्रतिवेदनको आधारमा उद्योग भने चलाउन प्रक्रिया अघि बढ्दैन । पूरानो प्रतिवेदनलाई नयाँ आएका मन्त्रीले स्वीकार गर्दैनन् र नयाँ समिति बनाइहाल्छन् । त्यो सबै प्रतिबेदन मन्त्रालयकै कुन दराजमा थन्किएको छ कसैले जवाफ दिन सक्दैनन् ।

२०३६ सालमा चीन सरकारले करीब २० करोड रुपैयाँ लगानी गरेर हेटौंडामा खोलिदिएको कपडा उद्योग २०५७ साल यता बन्द छ । चरम राजनीतिकरण र प्रशासनिक कमजोरीको कारण बन्द भएको उद्योग फेरि सञ्चालन गर्ने भन्दै दर्जन उद्योगमन्त्रीले प्रयास गरे । तर, नतिजा शून्य छ । उद्योग मन्त्री अष्टलक्ष्मी शाक्य, महेन्द्रप्रसाद यादव, अनिलकुमार झा, महेश बस्नेत, नविन्द्रराज जोशी, मातृका यादवलगायत सबैले हेटौंडा कपडा उद्योग चलाउने बताएका थिए ।

०६५ सालमा डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने र त्यसबाट उत्पादित कपडा नेपाली सेना, नेपाल प्रहरी र निजामति कर्मचारीको पोसाकमा प्रयोग गर्ने भन्दै उद्योग सञ्चालनको लागि ८ करोड रुपैयाँ अनुदान दिएका थिए । उद्योगमन्त्री अष्टलक्ष्मी शाक्यले कपडा उद्योग पुन: सञ्चालनको सम्भाव्यता अध्ययनको लागि कार्यदल बनाइन् र कार्यदलले उद्योग सञ्चालको विभिन्न मोडल सहितको प्रतिवेदन बुझायो । तर, त्यसबेलाको राजनीतिक अस्थिरताका कारण नौ महिनामै सरकार ढल्यो । उद्योग चलाउने योजना सरकारसँगै ढल्यो ।

०७० सालमा तत्कालीन माओवादीको हेटौंडा अधिवेशनको क्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले हेटौंडा कपडा उद्योग जसरी पनि सञ्चालन गरिछाड्ने भाषण गरे । तर, त्यसैबेला, सुशील कोइराला नेतृत्वको मन्त्रीपरिषद् भने उद्योग खारेज गरेर उद्योगको भवन र भौतिक पूर्वाधारवापतको रकम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा शेयरको रुपमा लगानी गर्ने निर्णयमा पुगिसकेको थियो । त्यसबेला नेकपा एमाले र नेपाली कांग्रेसको संयुक्त सरकारमा उद्योगमन्त्री बनेका कर्णबहादुर थापालाई अपदस्थ गरेर महेश बस्नेतलाई मन्त्री बनाएपछि उनले हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने विषयलाई फेरि ब्यूँताए । बस्नेतले पनि उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गर्न मन्त्रालयकै सहसचिवको नेतृत्वमा कार्यदल बनाएर प्रतिवेदन बनाउन लगाए । त्यो कार्यदलले पनि उद्योग चलाउन सकिन्छ भन्यो ।

०७३ सालमा कांग्रेस र माओवादी केन्द्रको संयुक्त सरकारमा पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा उद्योग मन्त्रालयको जिम्मेवारी पाएका जोशीको ध्यान पनि हेटौंडा कपडा उद्योगमा पुग्यो । उनले उद्योग सञ्चालनमा ल्याउनको लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न भनेर योजना आयोगका पूर्वसदस्य डा. पुष्कर बज्राचार्यको संयोजकत्वमा ८ सदस्यीय कार्यदल गठन गरे । कार्यदलले नेपाली सेनालाई संलग्न गराएर कपडा उद्योग पुन: सुचारु गर्न सकिने राय सहितको प्रतिवेदन मन्त्रीलाई बुझायो ।

नेपाली सेनाको नेतृत्वमा हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने भन्दै नेपाली सेनाका प्रतिनिधि समेत रहने गरी मन्त्रालयले कार्यदल बनायो । यो कार्यदलले पनि लगानी र व्यवस्थापन सरकारले गर्ने र सञ्चालन नेपाली सेनाले गर्ने गरी उद्योग चलाउनुपर्ने सुझाव सहित प्रतिवेदन बुझायो । उद्योगमा भएका ४ सय ८० वटा मेसिनमध्ये करिब दुईसय वटा मेसिन मर्मतपछि सञ्चालन गर्न सकिने र अरु काम नलाग्ने अवस्थामा पुगेको प्रतिवेदनमा उल्लेख छ । उद्योग पुन: सञ्चालनको लागि करिब ५० वटा नयाँ मेसिन खरिद गर्नुपर्ने र ३० करोड लगानी भए उद्योग सञ्चालन हुन सक्ने तथ्य सहितको प्रतिवेदनमा छ ।

तर, प्रतिवेदन माथि मन्त्रालयमा गहन छलफलसँगै कार्यन्वयनको प्रक्रिया अघि बढाइएको छैन । हरेक मन्त्री जिम्मेवारीमा आएपछि नयाँ काम देखाउने होडका कारण अध्ययन कार्यदल बनाइहाल्छन् तर, समयक्रमसँगै यो विषय ओझेलमा पर्ने गरेको छ । अध्ययन गराउँछन तर, कार्यान्वयन हुँदैनन् । कतिपय अवस्थामा मन्त्रालय तथा सरकारी कार्यलयबीच प्रभावकारी समन्वय हुन नसक्दा पनि यस्ता प्रतिवेदन दराजमै कुहिन्छन् । अघिल्ला मन्त्रीले गरेको काममा विश्वास नगर्ने र क्रेडिट पनि दिन नचाहने कारणले हरेक मन्त्रीले अध्ययन कार्यदल बनाउने गरेका छन् ।

# गणतान्त्रप्रति वितृष्णा गराउने कार्य गर्न हुँदैन: प्रदेशप्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्माले गणतान्त्रिक व्यवस्थाप्रति वितृष्णा उत्पन्न गर्ने कार्य गर्न नहुने बताएका छन् ।

मुलुकलाई दिगो विकासको लक्ष्यमा अघि बढाउन प्रदेश सरकार र सबै दलहरुबीच समन्वय र सहकार्यको जरुरी रहेको उनले औंल्याएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा गणतन्त्र दिवसको अबसरमा आयोजित समारोहलाई सम्बोधन गर्दै शर्माले राष्ट्रमा दीर्घकालीन शान्ति, राजनीतिक स्थायित्वको लागि र गणतान्त्रिक व्यवस्थाले सबै नेपालीलाई समान व्यवहार गरेको भन्दै अब जनतालाई भौतिक पूर्वाधारको विकास र आर्थिक समृद्धिबाट आत्मनिर्भर बनाउने बाटोमा प्रदेश सरकारले जनमुखी कार्यक्रम ल्याउनुपर्ने बताए ।

प्रदेशप्रमुख शर्माले देशमा वंशजपराम्परा अनुसार राष्ट्रप्रमुख हुने पद्धतिलाई नेपालको संविधानले परिवर्तन गरी सबै नेपालीका छोरा-छोरीहरु पनि राष्ट्रप्रमुख हुनसक्ने अवसर प्राप्त भएको भन्दै अब त्यसप्रति वितृष्णा उत्पन्न गर्ने कार्य गर्न नहुने स्पष्ट पारे । प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले जनताले गन्तान्त्रिक व्यवस्थाको विकल्प नखोज्ने बताए । उनले अहिले देशमा राजनीतिक नेतृत्वबाट केही कमिकमजोरी भएको तर्फ राजनीतिक दलहरुले स्वीकार गर्नुपर्ने बताउँदै आफूलाई सच्याएर देशको नेतृत्वमा दिगो शान्ति, मानवअधिकारको संरक्षण गर्न र जनताप्रति जवाफदेही भएर अघि बढ्नुपर्नेमा जोड दिए ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठले जनतालाई भौतिक पूर्वाधारको विकास र आर्थिक समृद्धिबाट आत्मनिर्भर बनाउँदै लैजानुपर्नेमा जोड दिए । प्रदेश सरकारले अहिले जनमुखी कार्यक्रम ल्याएको स्मरण गराउँदै संसदमा रहेका दलहरुले पनि सरकारलाई आफ्नो सल्लाह सुझाव दिएर अघि बढ्नुपर्ने बताए ।

कार्यक्रममा विविध सम्मान तथा पुरस्कार वितरण र शुभकामना आदानप्रदान गरिएको थियो । पुरस्कृत हुनेहरुमा क्रमश: संचारकर्मी सरिता दाहाल, शिवप्रसाद देवकोटा, राजकुमार सिग्देल, इश्वर प्रसाद जोशी, सृजना वाईबा रहेका छन् । उनीहरुले नगद २५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका थिए । चलचित्र क्षेत्रका कलाकार लाई पनि नगदसहित पुरस्कार प्रदान गरिएको थियो भने मकवानपुरको पश्चिमी भेगमा पर्ने विभिन्न गाउँपालिकाको सहिद परिवारहरुलाई सम्मानपत्र प्रदान गरिएको थियो ।

बागमती मन्त्रिपरिषद् र सचिवबीच सम्पन्न भएको फुटबल प्रतियोगितामा प्रथम भएका सचिव समूहका कामु प्रमुख सचिव गोविन्दबहादुर कार्कीलाई शिल्ड, मेडल प्रदान गरिएको थियो । त्यसैगरी, गणतन्त्र दिवसको अवसरमा सामाजिक विकास मन्त्रालयद्वारा आयोजित वादविवाद प्रतियोगिताको विजयी विद्यार्थीलाई नगदसहित पुरस्कार प्रदान गरिएको थियो ।

# वातावरण दिवस सप्ताहव्यापी रुपमा मनाइने




साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/टोल विकास संस्था नगरसमन्वय समिति हेटौंडा उपमहानगरपालिकाले हेटौंडामा ७ दिनसम्म विविध कार्यक्रम गरी ५२ औं विश्ववातावरण दिवस मनाउने भएको छ ।

मंगलबार रिपोर्टर्स क्लब नेपाल मकवानपुरको संयोजनमा आयोजित पत्रकार सम्मेलनमार्फत् जानकारी गराइएको हो । सप्ताहव्यापी कार्यक्रम जेठ १७ गतेदेखि २३ गतेसम्म सञ्चालन हुने समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले जानकारी दिए । पहिलो दिन अर्थात् जेठ १७ गते हेटौंडा-१९ बस्तीपुरमा विहान ७ बजे रक्तदान आयोजना गरिएको छ ।

१८ गते विहान ७ बजे फरेष्ट्रि क्याम्पसको गेट अगाडिबाट बसपार्कसम्म फोहोर खोज चुनौती कार्यक्रम सञ्चालन गरी बसपार्क क्षेत्रमा प्लाष्टिकजन्य सामग्रीको विक्रीवितरण नियन्त्रण गर्न सचेतना अभियान सञ्चालन गर्ने अध्यक्ष अधिकारीले जानकारी दिए । जेठ १९ गते नगरभित्रका सम्पूर्ण टोल विकास संस्थामा विहान ७ बजे सफा हेटौंडा अभियान अन्तरगत सरसफाई कार्यक्रम र दिउँसो २ बजे वनविज्ञान अध्ययन संस्थानमा मेयर/उपमेयरसँग बालबालिका कार्यक्रम सञ्चालन हुने जनाइएको छ ।

त्यस्तै २० गते दिउँसो १ बजे रोयल पार्टी प्यालेसमा फोहोर मैला व्यवस्थापनमा स्थानीय नागरिकको भूमिका विषयक निबन्धलेखन प्रतियोगिता आयोजना गरिने र २१ गते विहान ६ बजे हुप्रचौरबाट उपमहानगरपालिकाको कार्यालयसम्म वातावरणीय सचेतनामुलक साइकल ऱ्याली तथा सम्मान कार्यक्रम आयोजना गरिने अध्यक्ष अधिकारीले बताए । जेठ २२ गते विहान ७ बजे मनकामना मन्दिर जाने बाटो र जलेश्वर मन्दिर परिसरमा वृक्षरोपण तथा दिउँसो ३ बजे रोयल पार्टी प्लालेसमा खेर गएका बस्तुबाट उत्पादित सामग्रीको प्रतिस्पर्धा आयोजना गरिने जनाइएको छ ।

जेठ २३ गते कपडाको झोला वितरण कार्यक्रम आयोजना गर्नुको साथै पुरस्कार तथा सम्मान कार्यक्रम आयोजना गरिने जनाइएको छ । सोही दिन वातावरण सचेतनासम्बन्धी ऱ्यालीले नगरपरिक्रमा गर्ने अध्यक्ष अधिकारीले जानकारी दिए । सप्ताहव्यापी कार्यक्रमलाई सव्य र भव्य बनाउनका लागि टोल विकास संस्था, विद्यालय, खेलकुद संघ संस्था, क्लब, आमा समूह, स्वयंसेविका, धार्मिक, जातीय तथा सांस्कृतिक समूह, संचारकर्मी र नागरिक समाजका व्यक्तित्वसँग समन्वय गरिएको उनले जानकारी दिए ।

# बकैयाका ९० विद्यार्थीलाई पोशाक

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/चार वर्षदेखि एआर ग्रुपले सञ्चालनमा ल्याएको एआर मार्टले चौथो वार्षिकोत्सवको अवसरमा विद्यालय पोशाक सहयोग गरेको छ ।

मंगलबार एक कार्यक्रम बीच मक्वानपुरको बकैया गाउँपालिका-५ मा रहेको किसान जागरुक सिघार्थ प्राविमा अध्ययनरत विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरिएको हो । एआर ग्रुपका अध्यक्ष असीमराज ढुंगानाको अध्यक्षता तथा बकैया-५ का वडाध्यक्ष लक्ष्मी लोप्चनको प्रमुख आतिथ्यतामा पोशाक वितरण गरिएको हो । मार्टले विद्यालयमा कक्षा एक देखि ५ सम्म अध्ययनरत ९० जना विद्यार्थीलाई पोशाक प्रदान गरेको हो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष अर्जुन खड्का, विद्यालयका प्रअ विदुर खतिवडा, सहकार्य र समन्वयकारी भूमिका खेल्ने होम नेपाली, सोही विद्यालयका शिक्षक तथा अभिभावक उपस्थित थिए । २०७८ जेठबाट सञ्चालनमा आएको मार्टले सञ्चालनको सुरुवातमै कोभिड-१९ लक्षित विभिन्न सामाजिक कार्यमा सक्रिय रह्यो । मार्टले हेटौंडा अस्पतालमा विरामी कुरुवालाई खाजाको व्यवस्था गर्नुका साथै प्रहरीलाई मास्क वितरण गरेको थियो । गएको वर्ष भने मार्ट रोट्रयाक क्वल अप हेटौंडाको सहकार्यमा विद्यार्थीलाई व्याग वितरण तथा रक्तदान गरिएको अध्यक्ष ढुंगानाले बताए । यसवर्ष भने आफ्नो भविष्य कोर्न विद्यालय पुगेका बालबालिकालाई पोशाक वितरण गरिएको उनले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream Into AIM
लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा

शिक्षक सेवा | बैंकिङ कक्षा तयारी
खरिदार | नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा | नेपाल टेलिकम तह ४

● Computer in Graphic Design
● Computer in web Devlopment
● Computer in Accounting Package

50% OFF for +2 Student
● Diploma in Computer
● Japanese Language
● IELTS/PTE Class

☛ शान्त तथा स्वच्छ वातावरण ☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक ☛ Handsout को व्यवस्था

आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।

Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा व्यवस्थित बनाउनै पर्छ

बागमती प्रदेश सरकारले प्रदेश मुकाम हेटौंडालाई व्यवस्थित सहरी विकास योजना तयार गरी बृहत सहरमा रुपान्तरण गर्ने भएको छ । आगामी आर्थिक वर्ष २०८१/८२ का लागि सोमबार प्रस्तुत प्रदेश सरकारको नीति तथा कार्यक्रममा हेटौंडालाई व्यवस्थित र बृहत अवधारणाबाट सहरी विकासको योजना अबलम्बन गर्ने महत्वाकांक्षा प्रदेश सरकारले राखेको हो । तर, यसअघिका सरकारले पनि हेटौंडालाई व्यवस्थित सहर बनाउने घोषणा भने गरेका थिए । योजना कार्यान्वयनमा शंका देखिए पनि नीति, कार्यक्रमको घोषणाले हेटौंडा बजारक्षेत्रको मुख्य सडक विस्तार हुने सम्भावना देखिएको छ । यद्यपि, यो कार्यमा विगतका चुनौती भने यथावत छन् । यहाँनिर बिरालोको घाँटीमा घण्टी झुण्ड्याउने हिम्मत कसले गर्ने ? भन्ने सवाल हो । हेटौंडा बजार क्षेत्र अस्तब्यस्त छ । झन मुख्यचोक मानिने बुद्धचोक, सीमाचोकमा दैनिक हुने सवारीजामले सर्वसाधारण आजित भइसकेका छन् । संघीय सरकारले आगामी आर्थिक वर्षको बजेटमा पथलैया -हेटौंडा-नारायणगढ सडक फराकिलो बनाउने कार्यक्रम अघि सारेको छ ।

हेटौंडाको मुख्य बजार क्षेत्रमा सडकको दायाँबायाँ २५ मिटर खाली गर्न नसकेका कारण पथलैया-हेटौंडा-नारायणगढ सडकखण्डको निर्माण कार्य अगाडि बढाउन सकेको छैन । पूर्वपश्चिम राजमार्गमा सबैभन्दा बढी सवारी साधनको चाप पनि यही खण्डमा देखिएको छ । तर, यही सडक फराकिलो बनाउन सकिएको छैन । गाँठो फुकाउने काम हुन नसकेका कारण हेटौंडा राजधानी सहर जस्तो देखिएन । बृहत सहरीकरणको अवधारणाले हेटौंडालाई निकट भविष्यमा महानगरमा रुपान्तरण गर्ने बाटो खुल्ने देखिन्छ । प्रदेश राजधानी भएपछि स्थानीयस्तरमा नागरिक समाजदेखि राजनीतिक दलसम्मले हेटौंडालाई महानगरपालिका बनाउनुपर्ने आवाज उठाइरहेका छन् । हेटौंडा नगरलाई तत्कालीन सरकारले २०७३ सालमा उपमहानगर घोषणा गरेको थियो । प्रदेशभित्रका स्थानीय सामग्री तथा वास्तुकलाको प्रवर्द्धन गर्दै मौलिकतासहितको भवन संरचना बनाउन जोड दिने नीति, कार्यक्रममा उल्लेख गरिएको छ । उदयमान सहर, पालिका केन्द्र, नगरउन्मुख बस्तीलाई मौलिक पहिचानसहित व्यवस्थित सहरीकरण गर्न प्रोत्साहन गर्ने प्रदेश सरकारको योजना छ । यसले हेटौंडा बजारको मुख्य सडकको दायाँबायाँ रहेका घरटहरा भत्किएपछि बन्ने संरचना मौलिक प्रविधिसहितको वास्तुकला झल्किने गरी निर्माण गर्नुपर्ने छ । तर, प्रदेश सरकारको कार्यसम्पादनको अवस्था हेर्दा यो योजना घोषणामै सीमित हुने सम्भावना पनि छ । यसैगरी, हेटौंडा-६, गौरीटारमा निर्माणाधीन अन्तराष्ट्रिय खेलकुद प्रशिक्षण केन्द्रको निर्माण कार्यलाई सम्पन्न गरिने प्रदेश सरकारले उल्लेख गरेको छ । हेटौंडा-११, थानाभन्याङमा निर्माणाधीन प्रादेशिक कृषि थोकबजार सञ्चालनको व्यवस्था मिलाइने, हेटौंडा-१० मा निर्मित धुलो दूध कारखानालाई प्रदेश सरकार, निजीक्षेत्र तथा दुग्ध उत्पादक सहकारी सँगको साझेदारीमा सञ्चालन गरिने नीति, कार्यक्रममा उल्लेख छ ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ देखि ९०/९१ सम्मको अवधिलाई लगानी दशकको घोषणा गरेको छ । आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेशप्रमुख यादवचन्द्र शर्माले १० वर्षभित्र प्रदेशमा स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गरिने उल्लेख गरेका छन् । शर्माले उद्यमी व्यवसायीको मनोबल बढाउन व्यवसायमैत्री वातावरण निर्माण गरिने उल्लेख गरे । त्यसो त संघीय सरकाले पनि मंगलबार आगामी आवको बजेटमा आगामी दसकलाई कृषिमा लगानी दसकका रुपमा मनाउने घोषणा गरेको छ । बिना तयारीको घोषणाको खासै अर्थ छैन । तयारी नगरी गरिएको घोषणा भाषण गर्नका लागि एजेण्डा मात्र बनेको हुन्छ । बागमती प्रदेश सरकाले सन २०२४ लाई प्रदेश भ्रमण वर्षको रुपमा मनाउने घोषणा गऱ्यो तर, तयारीका नाममा सिन्को पनि भाँचेन । यसकारण प्रदेश भ्रमण वर्ष सफल हुन सकेन । प्रदेश भ्रमण वर्षको आधा समय बितिसकेको छ तर, सरकारसँग ठोस कार्ययोजना केही पनि तयारी छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ १७ गते बिहीबार ३० मे २०२४ । सप्तमी, जेष्ठ कृष्णपक्ष । बछ्लागा ११४४ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ६:५३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोगीको राम्रो साथ पाइनेछ | तुला | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| वृष | : रोकिएका काम बन्ने योग छ | वृश्चिक | : समय उत्साहवर्द्धक छ |
| मिथुन | : लगानीको अवसर जुट्नेछ | धनु | : आम्दानी बढ्नेछ |
| कर्कट | : यात्रा अघि बढ्न सक्नेछ | मकर | : पितृधन लाभ हुनेछ |
| सिंह | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | कुम्भ | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कन्या | : छिमेकमा असमझदारी बढ्नेछ | मीन | : कृषिमा हानि हुनेछ |

# जातीय पहिचानमात्रै होइन जनजाति मुद्दा



मेखराज उदय

बहुजन नायक काशीराम भन्थे- 'जबसम्म जात व्यवस्था रहिरहन्छ, म यसलाई आफ्नो समुदायको हितमा प्रयोग गरिरहनेछु, यदि कसैलाई मेरो यस्तो कार्यबाट समस्या भएको छ भने जात व्यवस्था अन्त्य गरोस् !' उनी बुद्धको 'बहुजन हिताय, बहुजन सुखाय' सिद्धान्तबाट प्रेरित थिए ।

काशीरामले सन् १९८४ मा बहुजन समाज पार्टीको स्थापना गरे । डा. भीमराव अम्बेडकरको संघर्षमय जीवन, सिद्धान्त र विचार बाट प्रभावित भएका काशीराम तथा उनको दल बहुजन समाज पार्टीको मुख्य उद्देश्य र विचार 'बुद्ध-अम्बेडकरवाद'मा आधारित छ ।

अम्बेडकरको बाटोमा करिब ५ करोड जनतालाई बौद्ध धर्ममा एकै पटक प्रवेश गराउने योजना बनाएका काशीरामको लक्ष्य पूरा हुन नपाउँदै ९ अक्टोबर २००६ सालमा असामयिक निधन हुनपुग्यो । उनी र पार्टी अध्यक्ष तथा उत्तरप्रदेशकी तत्कालीन मुख्यमन्त्री मायावतीको योजना हालसम्म अधुरै रहन पुग्यो ।

नेपालमा जात व्यवस्था अन्त्यको इमानदार र सार्थक प्रयासको सुरुवात नै भएको छैन । यस्तो हुनाका मुख्य तीन कारण रहेका छन् । पहिलोह ब्राह्मणवादी क्रूर जात व्यवस्थामा आधारित राज्य सत्ता र वैधानिक शासन लामो समय चल्नु । दोस्रोह सामाजिक, राजनीतिक र आर्थिक मूल्यमान्यता र संरचना मुख्यत: जात व्यवस्थामा आधारित रहनु । र तेस्रोह राजनीतिक व्यवस्थामा आधारभूत परिवर्तन भए पनि राजनीतिक दल, सामाजिक संगठन आदि संरचना, व्यवस्थामा जात व्यवस्थाको घोषित/अघोषित निरन्तरता वा वर्चस्व रहिरहनु इत्यादि ।

### राजनीतिक दलहरूको नियति

नेपालको राजनीतिक दलहरूका मुख्य चार सिद्धान्त, मान्यता र विचार रहेका देखिन्छन् । पहिलो, लोकतन्त्रवादी । संसदीय लोकतन्त्र, खुला अर्थ व्यवस्था, स्वतन्त्र न्याय आदि सिद्धान्तलाई मूलमन्त्र मान्दै आएको नेपाली कांग्रेस लोकतान्त्रिक शक्तिको मूलधार मानिन्छ । त्यसपछि दोस्रो, कम्युनिस्ट वा वामपन्थी शक्तिहरू, जसमा लोकतान्त्रिक बन्ने चरणमा रहेको नेकपा एमालेदेखि पूर्व विद्रोही माओवादी शक्तिसम्म पर्दछन् । तेस्रो, पूर्व दरबारिया, धार्मिक अतिवादी शक्तिहरू हुन् । चौथो तथा अन्तिम, क्षेत्रीय तथा जातीय शक्तिहरू पर्दछन् । यसमा विशेषत: मधेशवादी क्षेत्रीय दलहरू र आदिवासी जनजातिका नाममा राजनीति गर्ने दल वा शक्तिहरू भनी बुझ्नुपर्दछ ।

यी माथि उल्लिखित विचार, सिद्धान्त भएका राजनीतिक दल वा शक्तिहरू बीचको समानता वा एकसूत्रीय नीति भने जातको राजनीति हो । यो केवल आरोप नभई घटनाक्रमहरूले प्रमाणित गरिसकेको तथ्य हो । उदाहरणका लागि दलहरूको नीति र नेतृत्वलाई दृश्यावलोकन र विश्लेषण गरौं ।

नेपाली कांग्रेस प्रत्यक्ष निर्वाचित कार्यकारी सभापति रहने व्यवस्था भएको दल हो । भलै संसद्बाट कार्यकारी प्रमुख प्रधानमन्त्री रहने शासन पद्धतिको अविच्छिन्न समर्थक कांग्रेस रहिआएको छ । कांग्रेसको सात दशक लामो राजनीतिक इतिहासमा पहाडे हिन्दु बाहुन पुरुष सभापति भएको बाहेक सुवर्णशमशेर राणा तथा शेरबहादुर देउवा दुई जना खसहरू सभापति भएको इतिहास जीवित छ ।

त्यस बाहेक अन्य समुदाय जस्तै महिला, दलित, आदिवासी जनजाति, मधेशी आदि कांग्रेसको सभापति बन्ने सम्भावना निकट भविष्यमा आकलन गर्नु प्रतिबन्धित जस्तै मानिन्छ । महामन्त्रीमा भने धनमानसिं परियार, थारू, मधेशी, जनजाति आदि समुदायले अवसर प्राप्त गरि सकेका छन् ।

नेकपा एमाले र माओवादी मात्रै होइन, शास्त्रीय जडसूत्रवादी मोहन वैद्य (पोखरेल), नेत्रविक्रम चन्द समूह, सीपी मैनालीको मालेसम्म अनेक कम्युनिस्ट घटक वा समूह छन् । ती समूहको नेतृत्व भने एकल जातिवादी बाहेक अन्य हुने सम्भव छैन । एमालेको अध्यक्ष र महासचिव गैरबाहुन, खससम्म वा मधेशी, आदिवासी जनजाति, महिला, दलित वा गैरहिन्दु समुदायबाट भएको न विगत, इतिहास र आगत छ न भविष्यमा त्यस्तो सम्भावना नै स्वीकार्न सकिन्छ । र, त्यस्तो सपना देख्न समेत वर्जित छ ।

माओवादीको समेत यथार्थ उस्तै छ । ठूला क्रान्तिका कुरा गर्ने, कथित वैज्ञानिक समाजवादी पक्षधर कम्युनिस्टहरूको यस्तो निर्लज्ज जातिवादी चरित्रको पर्याप्त विरोध भने अद्यापि हुनै सकेको छैन । पूर्व दरबारिया, पञ्चायतको भूत, हिन्दु धार्मिक अतिवादी शक्तिको कुरा गर्नु मूर्खता हुनेछ । उनीहरू घोषित रूपमै जन्मजात अतिवादी, पश्चगामी, निरंकुश र सामान्य न्याय र मानवता विरोधी हुन्छन् । यो शक्ति मुलुकबाट छिट्टै शून्यमा परिणत हुनु आवश्यक छ ।

अब कुरा गरौं, क्षेत्रीय तथा जातीय नामबाट सञ्चालित दलहरूको नीति, नेतृत्व र प्रवृत्तिका सम्बन्धमा । नेपालको युगान्तकारी परिवर्तन गराउन सफल दोस्रो जनआन्दोलन, माओवादी सशस्त्र विद्रोह वा हिंसाको राजनीति र शाह वंशको नाममा लादिएको शाही निरंकुश सत्ताको एकमुष्ट अन्त्यको ऐतिहासिक परिघटना थियो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको जग त्यसै आन्दोलनद्वारा हालिएको हो ।

२०६२/६३ को जनआन्दोलन सफल र समापन भएसँगै मधेश विद्रोहको सुरुवात भयो । सयौं जनताको शहादत पश्चात् नेपालको अन्तरिम संविधानमा नै संघीयता शब्द समावेश गराउन सफल मधेश विद्रोहको नि:सन्देह आरोह-अवरोहका तीता-मिठा अनुभव छन् ।

राष्ट्रप्रमुख राष्ट्रपति, उपराष्ट्रपति, उपप्रधानमन्त्री सहित जिम्मेवार संघीय (केन्द्रीय) मन्त्री, प्रदेशको मुख्यमन्त्री तथा राज्यका जिम्मेवार एवं विशिष्ट पदहरूमा मधेशी दलहरूको भाग (हिस्सा) प्राप्त गरिसकेका छन् । तथापि मधेश विद्रोहका नेता मानिएका उपेन्द्र यादव, पूर्व असन्तुष्ट कांग्रेसी महन्थ ठाकुर, सदावहार विद्रोही तथा विवादित छविका राजेन्द्र महतो लगायतको साम्प्रदायिक र क्षेत्रीय उग्र प्रवृत्तिले गैरन्यायिक हिंसाको रूप लिन पुगेको थियो ।

निहत्था र निर्दोष पहाड मूलका मधेशवासी समुदायमाथिको बर्बर, साम्प्रदायिक व्यवहार, हिंसा, अत्याचार भएका थिए । ज्ञातव्य रहोस्, जो-कोहीबाट पनि जात, जाति, क्षेत्र, धर्म, भाषा, मान्यता, लिङ्ग, वर्ग र समुदाय आदिको आधारमा विभेद, प्रतिबन्ध र हिंसा समेत हुन्छ भने त्यस्तो व्यवहार लोकतन्त्र एवं मानवताविरोधी कार्य हुन् । त्यस सम्बन्धमा न्यायिक छानबिन त के कुरा भरपूर छलफल समेत हुन सकेन । ती मधेशवादी भनिने दलहरू समेत मधेशका शासक, हुनेखाने वर्गको मित्र शक्तिमा सीमित रहन पुगे ।

उपेन्द्रमाथि यादवको जातीय राजनीति गरेको आरोप नमेटिने गरी स्थापित भएको छ । उनीहरू नागरिकताविहीन, भूमिहीन, अति शूद्र, उत्पीडित, निमुखा मुसहर दलित आदिको हित गर्ने शक्ति थिएनन् । पहाडे शासकले अन्याय, अत्याचार गरेको, मधेश र मधेशी जनतामाथि विभेदी दलहरूको विकल्प मानिएको ठानिएका मधेशी दलहरू समेत अन्तत: एकल जातिवादी बने । मधेशी वा मैथिल ब्राह्मण, यादव, राजपूत, ठाकुर आदिको नीति एवं नेतृत्वका दलले मधेशका उत्पीडित समुदायको मुक्ति सपना साकार पार्ने सम्भावना थिएन, छैन ।

### आदिवासी जनजातिका दल र संगठनहरूसँग आग्रह

नेपाल मुख्यत: चार राजनीतिक शक्ति भएको मुलुक हो । पहिलोह आदिवासी जनजाति, दोस्रोह आर्य-खस, तेस्रोह मधेशी र चौथो शक्ति हो, दलित समुदाय । आदिवासी जनजातिका जातिगत र संयुक्त विभिन्न संघ, संगठनहरू छन् । राष्ट्रिय जनमुक्ति पार्टी साढे तीन दशक अघि चर्चित आदिवासी नेताहरू गोरेबहादुर खपाङ्गी र एमएस थापा (दुवै जना मगर) द्वारा स्थापना गरिएको दल हो ।

पूर्वी नेपालका राई, किरात, लिम्बू आदि समुदायको नेतृत्वमा साथै अन्य क्षेत्रमा विभिन्न जातिका नेतृत्वमा खोलिएका बग्रेल्ती दल तथा संगठनहरू छन् । पूर्वमन्त्री तथा आदिवासी जनजाति नेता एमएस थापा जनजातिहरू सांस्कृतिक समूह मात्रै रहेको र राजनीतिक शक्ति बनिनसकेको तर्क राख्छन् ।

खासमा आदिवासी जनजाति नेतृत्वका संघ/संगठन र राजनीतिक दलहरूको दृष्टिकोण बाहुनवादी मूलधारे दलहरूको बुझाइ र व्यवहार भन्दा पृथक् छैन । उनीहरूमा समेत दुई खालका समस्या यथावत् जीवित छन् । पहिलो, उनीहरू जुन जातको नेतृत्वमा खोलिएका संगठन वा दल छ, त्यसमा सोही जातको मात्रै नेतृत्व र एकाधिकार चल्दै आएको छ । आदिवासी जनजाति समुदायभित्रै एकले अर्को जातमाथि विभेदी दृष्टि राख्छ भने, दलित आदि अन्य उत्पीडित समुदायको नीति र नेतृत्व स्वीकार्ने सम्भावना देखिँदैन ।

अर्थात् उनीहरूमा समेत व्यापक जात व्यवस्थाको प्रभाव छ । त्यति मात्रै होइन, महामानव गौतम बुद्धलाई समेत अनेक जातिमा विभाजित गराउने जस्तो निकृष्ट काम भइरहेको देखिन्छ । जस्तै: तामाङ बौद्ध विहार, मगर गुम्बा, गुरुङ विहार, शेर्पा विहार आदिको निर्माण । बुद्ध तामाङ, राई, लिम्बू, भोटे, मगर, नेवार, थारू, दलित, मधेशी आदिको पृथक् कसरी बनाइयो ? यस्तो घृणित कार्य रोक्ने प्रयास कोही कसैबाट किन हुन सकेन ?

त्यति मात्रै होइन एक जनजातिको सन्तानको अर्को जनजाति बीच औपचारिक बिहेवारी समेत चल्दैन । सुदूरपश्चिम प्रदेशका केही थारू बहुल जिल्लाहरूमा नागरिक उन्मुक्ति पार्टीको राम्रो उदय भएको देखियो । पूर्वी नेपालका केही भागमा राई, लिम्बू समुदायको शहादतपूर्ण उपस्थिति बन्यो । तथापि प्रदेश नामकरणमा पहिचानको मुद्दा एकसूत्रीय माग उचालेको देखिन्छ । केवल प्रदेश नामकरणमा जातीय पहिचानको मुद्दा बाहेक आदिवासी जनजातिका अन्य महत्वपूर्ण मुद्दाहरू ओझेलमा पारिएका छन् ।

उनीहरूको मुख्य मुद्दा राजनीतिक शक्तिको रूपमा आदिवासी समुदायको हक, हिस्सा स्थापित गर्नु हो । राजनीतिक, सामाजिक-सांस्कृतिक र आर्थिक मुद्दाहरूमा उनीहरूको दाबी छाडेर कता पुगिन्छ ? त्यसैले उनीहरूभित्रको आन्तरिक असहमति, बहिष्करणको अन्त्य साथै दलित लगायत अन्य उत्पीडित तथा वञ्चित समुदायको अधिकारको सम्बन्धमा हातेमालो गरेर आन्दोलनको तयारी गर्नुपर्ने आवश्यकतालाई अझै नजरअन्दाज गरिरहने हो ?

जात व्यवस्था र त्यसबाट सिर्जित समस्या आदिवासी जनजाति समुदायको प्राचीन व्यवस्था होइन, बरु त्यो ब्राह्मणवादी राज्यसत्ताद्वारा जबर्जस्ती लादिएको हो । त्यसलाई पखाल्नु अब उनीहरूको कर्तव्य हो । अब मुलुकको चौथो राजनीतिक शक्ति दलित समुदायलाई सँगै संघर्षमा लिएर अघि बढ्ने कि अन्यले जस्तै उनीहरूलाई निमुखा, अछूत र राज्यविहीन नै बनाइरहने चाहना हो ?

*(साभार: अनलाइनखबर)*

# गणतन्त्रमा जनअपेक्षा

विश्वनाथ खरेल

चीन र भारतको बीचमा रहेको दक्षिण एसियाको भूपरिवेष्ठित देश नेपाल आफ्नो समृद्ध सांस्कृतिक सम्पदा, मनोरम परिदृश्य र हिमालयका अग्लो चुचुराहरूको लागि प्रसिद्ध छ । यो इतिहासमा खडा भएको राष्ट्र हो, जुन धेरै जातीय समूह, भाषा र परम्पराहरू समावेश भएको विविध जनसंख्याको साथ रहेको छ । वि.सं. २०६५ मा संघीय लोकतान्त्रिक गणतन्त्र बनेदेखि नेपालले थुप्रै चुनौती र अवसरहरूको सामना गरेको छ । यहाँका जनताका अपेक्षाहरू देशजत्तिकै विविध र जटिल छन्, जसले आर्थिक विकास, सामाजिक न्याय, राजनीतिक स्थिरता र वातावरणीय दिगोपनाका लागि उनीहरूको आशा झल्काउँछ । यस अर्थमा देशका जनताका बहुआयामिक अपेक्षाहरू, शासन, अर्थतन्त्र, शिक्षा, स्वास्थ्य सेवा, पूर्वाधार, वातावरण संरक्षणलगायत जीवनका विभिन्न क्षेत्रहरूमा उनीहरूको आकांक्षाहरूको जाँच गर्दछ । यसले ऐतिहासिक सन्दर्भ, वर्तमान चुनौतीहरू र द्रुतरूपमा परिवर्तन भइरहेको विश्वमा नेपालीहरूले आफ्नो भविष्यको परिकल्पना गर्ने तरिकाहरूबारे जानकारी दिन्छ ।

राजतन्त्रदेखि गणतन्त्रसम्मको यात्राले यहाँका नागरिकको अपेक्षालाई ठूलो प्रभाव पारेको छ । वि.सं. २०६५ मा २४० वर्ष पुरानो राजतन्त्रको उन्मूलन र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना महत्वपूर्ण परिवर्तनहरू थिए । यी सङ्क्रमणहरू दशकौंदेखिको राजनीतिक अस्थिरता, नागरिक द्वन्द्व, बृहत्तर लोकतन्त्र र समावेशीताको माग गर्ने जनआन्दोलनहरूद्वारा सञ्चालित थिए । यसको साथै दशक लामो माओवादी विद्रोह (वि.सं. २०५२-२०६२), जुन वि.सं. २०६२ मा व्यापक शान्ति सम्झौता (सीपीए) मा परिणत भयो, एक मोड थियो । जुन विद्रोहले गरिबी, सामाजिक बहिष्करण र असमानताका मुद्दाहरूलाई राष्ट्रिय बहसको अगाडि ल्यायो । यसरी पछिल्ला राजनीतिक परिवर्तनहरूले यी दीर्घकालीन समस्याहरूलाई सम्बोधन गर्न सक्ने थप समावेशी र लोकतान्त्रिक शासन प्रणालीको आशा जगायो ।

वि.सं. २०७२ को संविधानअन्तर्गत संघीय संरचना अपनाएर शक्तिको विकेन्द्रीकरण र शासनलाई जनताको नजिक ल्याउने उद्देश्य थियो । यो परिवर्तनले स्थानीय शासनमा सुधार, सार्वजनिक सेवामा सुधार र बृहत्तर क्षेत्रीय विकासको अपेक्षा बढाएको छ । तर संघीयताको कार्यान्वयन, प्रशासनिक अवरोध, स्रोत-साधनको कमी, राजनीतिक विवादलगायतका चुनौतीले भरिएको छ । यसले केही प्रारम्भिक आशावादलाई कमजोर बनाएको छ । यसमा आर्थिक विकास र रोजगारीका अवसरहरूलाई अवलोकन गर्ने हो भने आर्थिक विकास धेरै नेपालीहरुको प्रमुख चासोको विषय हो । यो देश एसियामा सबैभन्दा कम विकसितमध्ये एक हो । यसको जनसंख्याको एक महत्वपूर्ण भाग गरिबीको रेखामुनि बाँचिरहेको छ । फलस्वरूप, दिगो आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने, रोजगारीका अवसरहरू सिर्जना गर्ने र गरिबी घटाउने नीतिहरूको तीव्र इच्छा छ । मूलत: राष्ट्रको अर्थतन्त्र धेरै हदसम्म कृषि, रेमिट्यान्स, पर्यटन र केही हदसम्म उत्पादनमा निर्भर छ ।

वस्तुत: अर्थतन्त्रको विविधीकरण दीर्घकालीन विकासका लागि महत्वपूर्ण मानिन्छ । धेरै नागरिकले सरकारले व्यापार वृद्धि गर्न, विदेशी लगानी आकर्षित गर्न र साना तथा मझौला उद्यमहरू (एसएमई) लाई समर्थन गर्ने वातावरण बनाउनुपर्ने अपेक्षा राख्छन् । यसमा पनि थप रूपमा विकासशील रोजगार बजारसँग सान्दर्भिक सीपहरूले कार्यबललाई सुसज्जित गर्न सुधारिएको व्यावसायिक तालिम र शिक्षाको लागि आह्वान गरिएको छ । यसको साथै माइग्रेसन र रेमिट्यान्स खासगरी खाडी मुलुक र मलेसियामा श्रम आप्रवासन देशको अर्थतन्त्रको महत्वपूर्ण पक्ष बनेको छ । जुन विदेशबाट आउने रेमिट्यान्सले राष्ट्रिय आम्दानीको ठूलो हिस्सा ओगटेको छ । जसले धेरै घरपरिवारका लागि अत्यावश्यक जीवनरेखा प्रदान गर्दछ । तर वैदेशिक रोजगारी माथिको यो निर्भरताले स्वदेशी रोजगारी सृजनाको आवश्यकतालाई पनि उजागर गरेको छ । धेरै नेपालीले देशभित्रै राम्रो रोजगारीका अवसरहरू पाउने आशा राख्छन्, जसले गर्दा बसाइँ सराइ आवश्यकताभन्दा पनि विकल्प हो ।

मुलुकको प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाले सञ्चालित पर्यटनले आर्थिक विकासको महत्वपूर्ण सम्भावना बोकेको छ । राम्रो यातायात, आतिथ्य सेवा र प्रवर्द्धनात्मक गतिविधिहरूसहित पर्यटन पूर्वाधारमा लगानीको लागि अपेक्षाहरू उच्च छन् । वि.सं. २०७२ को भूकम्प र कोभिड-१९ को महामारीबाट यो क्षेत्र नराम्ररी प्रभावित भए पनि यसको पुनरुत्थान र वृद्धि हुनेमा आशावादी रहेको छ । यसमा पनि विशेष गरी यातायात, ऊर्जा र पूर्वाधारमा सुधार गर्नु आर्थिक सम्भाव्यतालाई अनलक गर्न महत्वपूर्ण मानिन्छ । तथापि, देशका धेरै क्षेत्रमा अझै पनि सडक, बिजुली र इन्टरनेट जडानजस्ता आधारभूत पूर्वाधार छैनन् । जसमा भन्ने नै हो भने आर्थिक गतिविधिलाई सहज बनाउन र जीवनस्तर उकास्न सरकारले यी क्षेत्रलाई प्राथमिकता दिनुपर्ने नागरिकको अपेक्षा छ ।

हाम्रो देश विभिन्न जाति र समुदाय भएको विविधतायुक्त देश पनि हो । यहाँका जनता प्रत्येकको अद्वितीय आवश्यकता र चुनौती रहेका छन् । यसलाई ऐतिहासिक असमानता र सामाजिक बहिष्करण, विशेष गरी दलित, जनजाति (आदिवासी) र मधेसी (दक्षिणी तराई क्षेत्रका मानिसहरू) जस्ता सीमान्तकृत समूहहरूका प्रमुख मुद्दा छन् । यसमा पनि भन्ने नै हो भने सामाजिक न्याय र समावेशितालाई प्रवर्द्धन गर्ने नीतिहरूको लागि बलियो अपेक्षा छ । यसमा शिक्षा र रोजगारीमा सकारात्मक कार्य, स्रोत-साधनको न्यायोचित वितरण र अर्थपूर्ण र ाजनीतिक प्रतिनिधित्व समावेश छ । जुन संघीयताले क्षेत्रीय असमानतालाई सम्बोधन गर्ने र निर्णय प्रक्रियामा सीमान्तकृत समुदायहरूको आवाज रहेको सुनिश्चित गर्ने धेरै नेपालीहरू आशा गर्छन् । त्यसै गरी लैंगिक समानता अर्को महत्वपूर्ण क्षेत्र हो, जहाँ अपेक्षाहरू उच्च छन् । मुलुकमा महिलाहरूले शिक्षा, रोजगारी र राजनीतिक सहभागितामा महत्वपूर्ण अवरोधहरू सामना गर्छन् । जसले गर्दा लैंगिक हिंसा र भेदभावपूर्ण अभ्यासहरू प्रचलित मुद्दाहरू हुन्, जसलाई तत्काल ध्यान दिनु आवश्यक छ । यसमा सरकारले महिला सशक्तीकरणका लागि कानुनी सुधार, नीतिहरूलगायत लैंगिक समानताको प्रवर्द्धनमा फड्को मारेको छ । यद्यपि, कार्यान्वयन असंगत रहन्छ र सामाजिक मनोवृत्ति प्राय: पछि पर्छन् । अत: देशका धेरै महिलाले लैंगिक भेदभाव उन्मूलन गर्न, समान अवसरहरू सुनिश्चित गर्न र हिंसापीडितहरूलाई सहयोग प्रदान गर्न थप बलिया प्रयासहरूको अपेक्षा गर्छन् ।

शिक्षालाई राष्ट्रिय विकास र व्यक्तिगत उन्नतिको आधारशिलाको रूपमा लिइन्छ । यसरी राष्ट्रले शिक्षामा पहुँच सुधार गर्न विशेष गरी प्राथमिक तहमा प्रगति गरेको भए पनि गुणस्तर, समानता र सान्दर्भिकताका हिसाबले चुनौतीहरू यथावत् छन् । धेरै अभिभावक र विद्यार्थीले शिक्षा प्रणालीको अपेक्षा गर्छन्, जसले आधारभूत साक्षरता र संख्यात्मक सीपहरू मात्र प्रदान गर्दैन तर आलोचनात्मक सोच, रचनात्मकता र व्यावहारिक सीपहरूलाई पनि बढावा दिन्छ । रोजगार बजारको मागअनुसार विद्यार्थीलाई तयार पार्न उच्च शिक्षा र व्यावसायिक तालिममा ठूलो लगानीको आह्वान पनि गरिएको छ । यसको साथै स्वास्थ्य सेवा अर्को क्षेत्र हो, जहाँ अपेक्षाहरू उच्च छन् । यसमा पनि कोभिड-१९ को महामारीले देशको स्वास्थ्य सेवा प्रणालीमा अपर्याप्त पूर्वाधार, चिकित्सकीय कर्मचारीको अभाव र विशेष गरी ग्रामीण क्षेत्रमा गुणस्तरीय हेरचाहमा पहुँचको अभावलगायतका महत्वपूर्ण कमजोरीहरू उजागर गरेको छ । यसको अलावा सरकारले स्वास्थ्य सेवामा सुधार गर्ने, अत्यावश्यक औषधिको उपलब्धता सुनिश्चित गर्ने र सस्तोमा स्वास्थ्य सेवा उपलब्ध गराउने नागरिकको अपेक्षा छ । सरुवा र नसर्ने रोग, मातृ र बालस्वास्थ्य तथा मानसिक स्वास्थ्य समस्यालाई सम्बोधन गर्न थप बलियो जनस्वास्थ्य पहलहरू पनि आवश्यक छ ।

मुलुकमा राजनीतिक स्थायित्व र प्रभावकारी सुशासन विभिन्न क्षेत्रका नेपालीका अपेक्षाहरू पूरा गर्न महत्वपूर्ण छ । यसमा पनि सरकारमा बारम्बार परिवर्तन, राजनीतिक-आन्तरिक कलह र भ्रष्टाचारले राजनीतिक संस्थाहरूप्रति जनताको विश्वासलाई कम गरेको छ ।

त्यसरी नै संघीय संरचना आएसँगै स्थानीय शासन व्यवस्थाले नयाँ महत्व लिएको छ । स्थानीय सरकारहरू आफ्ना आवश्यकताहरूप्रति बढी उत्तरदायी र सेवाहरू प्रदान गर्न अझ प्रभावकारी हुने मानिसहरूको अपेक्षा छ । यद्यपि, स्थानीय सरकारहरूको क्षमता चुनौतीपूर्ण छ । यसमा पनि धेरैले स्रोत व्यवस्थापन र विकास परियोजनाहरू कार्यान्वयन गर्न संघर्ष गरिरहेका छन् । जुन स्थानीय अधिकारीहरूको क्षमता अभिवृद्धि, पर्याप्त रकम उपलब्ध गराउने र स्थानीय शासनमा नागरिकको सहभागिता प्रवर्द्धन गर्नु प्रमुख अपेक्षाहरू हुन् । विभिन्न तहका सरकारहरूबीच समस्यालाई व्यापकरूपमा सम्बोधन गर्न थप सहकार्यको चाहना पनि छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

बजेट:

# दोहोरिए सार्वजनिक प्रशासन सुधारका पुरानै घोषणा




काठमाडौं/सरकारले बजेटमा सार्वजनिक प्रशासन सुधार र सुशासनका लागि बजेट मार्फत यसअघि नै पटक-पटक घोषणा भएका र सफल कार्यान्वयन हुन नसकेका योजनाहरु नै दोहोऱ्याएको छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन सूचनाप्रविधिको प्रयोग बढाउनेदेखि सरकारी कार्यालय खारेज गर्नेसम्मका पुरानै योजनाहरु बजेटले नयाँ भाषामा दोहोऱ्याएको हो ।

प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त बैठकमा अर्थमन्त्री वर्षमान पुनले पेश गरेको आगामी आर्थिक वर्ष २०८१/८२को बजेटमा कर्मचारीको तलब बढाउने घोषण भएन । तर, कर्मचारीको मनोबल बढाउने भन्दै प्रशासन सुधारको काम नभएका र असफल भएका योजनाहरुको घोषणा फेरि नयाँ भाषामा उल्लेख गरिएको छ ।

सार्वजनिक प्रशासन सुधारका लागि संरचनागत, कार्यात्मक र व्यवहारगत सुधार गर्न सेवा प्रवाहमा सूचनाप्रविधिको अधिकतम उपयोग गर्ने बजेट वक्तव्यमा उल्लेख छ । यसले सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्धन हुने सरकारको दाबी छ ।

सरकारले सार्वजनिक उत्तरदायित्व र स्वार्थको द्वन्द्वसम्बन्धी कानुन तर्जुमा गर्ने घोषणा बजेटबाटै गरेको छ । चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा पनि सुशासन प्रवर्धन गर्न स्वार्थको द्वन्द्व नियन्त्रण सम्बन्धी कानुन तर्जुमा गर्ने उल्लेख थियो ।

सार्वजनिक उत्तरदायित्व र स्वार्थको द्वन्द्व सम्बन्धी विषयहरु कानुनमा स्पष्ट किटान नहुँदा सार्वजनिक सेवा समेत विकृति मौलाउँदो छ । अझ संघीय निजामती कानुनको अभावमा संघदेखि प्रदेश र स्थानीय तहसम्म कर्मचारी संयन्त्रमा अन्योलको वातावरण छ ।

सरकारले संघीय निजामती सेवा कानून संसदको वर्षे अधिवेशनबाट पारित गर्ने घोषणा गरेको छ । चालु आर्थिक वर्षको बजेटमा पनि संघीय निजामती सेवा ऐन तर्जुमा गरी निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र व्यावसायिक बनाउने उल्लेख थियो ।

मन्त्री पुनले राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउन, काममा उत्प्रेरित गराउन, सेवा सुरक्षा, संरक्षण र अनुमानयोग्य सरुवा-बढुवा प्रणाली सुनिश्चित गर्ने पनि बजेटमा उल्लेख गरेका छन् ।

सार्वजनिक प्रशासनलाई छरितो, मितव्ययी र परिणाममुखी बनाउन उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरी सो आयोगको सुझावलाई कार्यान्वयन गर्ने र नतिजामा आधारित कार्यसम्पादन प्रणाली विकास गरी सार्वजनिक प्रशासनलाई जवाफदेही र परिणाममुखी बनाउने गत चालु आर्थिक वर्षको बजेटको उस्तै घोषणा अलपत्र छ ।

'सार्वजनिक क्षेत्रमा सूचनाप्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई थप सुदृढ गरिनेछ' आगामी वर्षको बजेट वक्तव्यमा भनिएको छ- 'ई-गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित र सम्पर्करहित बनाई गुणस्तर अभिवृद्धि गरिनेछ ।'

चालु आर्थिक वर्षकै बजेटमा 'कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिन नेपाल सरकारका सबै संघीय केन्द्रीय निकायमा क्रमश: एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याउने' घोषणा गरेको थियो ।

सरकारले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिने दाबी गरेको छ भने भ्रष्टाचारको दृष्टिले उच्च जोखिमका क्षेत्र पहिचान गरी नियन्त्रणका लागि एकीकृत रूपमा प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपाय अवलम्बन गर्ने पनि उल्लेख छ ।

आगामी वर्षको बजेटमा सार्वजनिक खर्चलाई प्रतिफलमुखी बनाउन मितव्ययिता अपनाउने उल्लेख छ भने कार्यालयको प्रकृति र जनशक्तिको आधारमा कार्यालय सञ्चालन खर्च, घरभाडा, बिजुली, इन्धन, पानी, सञ्चार महसुल खर्चमा मितव्ययिता कायम गर्ने पनि उल्लेख छ ।

जबकी सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले दिएका सुझावहरूलाई क्रमश: कार्यान्वयन गर्ने उल्लेख थियो भने चालु आर्थिक वर्षको बजेटले इन्धन, कार्यालयसम्बन्धी सामान लगायत प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्ने व्यवस्था पनि गरेको थियो ।

'मन्त्रालय र निकायको चालु प्रकृतिका खर्च कार्यक्रम खर्चबाट व्यहोर्ने प्रवृत्ति निरुत्साहित गरिनेछ' आगामी वर्षको बजेटमा भनिएको छ, 'आयोजना सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति निजामती सेवाबाट खटाउने व्यवस्था मिलाइनेछ ।'

संघीय कार्यालय औचित्य र आवश्यकताको आधारमा एकापसमा गाभ्ने वा खारेज गर्ने समेत आगामी वर्षको बजेटमा उल्लेख छ । जबकी अघिल्लो वर्ष घोषणा भएका यस्ता एक दर्जनभन्दा बढी निकायहरु अहिलेसम्म गाभ्ने र खारेज गर्ने विषय टुंगो लागेको छैन ।

चालु आर्थिक वर्षको बजेटमा सरकारको स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा आवश्यक नरहेका २० वटा संस्थाहरू खारेज गर्ने उल्लेख थियो । उस्तै प्रकृतिका कार्यक्षेत्र रहेका निकायहरूलाई एकअर्कामा गाभ्ने भनिएको थियो ।

खारेजी गरिने, एक अर्कामा गाभिने, पुनर्संरचना गरिने र हस्तान्तरण गरिने निकायहरूको सम्पत्ति तथा दायित्व व्यवस्थापनको कार्य सम्बन्धित मन्त्रालयले मंसिर मसान्तभित्र सम्पन्न गर्नुपर्ने भनिए पनि अझै थुप्रै निकायहरु यथावत् चलिरहेका छन् ।

सरकारी कार्यालयको सेवाप्रवाह, जनशक्ति, कार्यक्षेत्र र कार्यबोझ लगायतको आधारमा भवनको संरचना, आकार र आन्तरिक साजसज्जाको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने घोषणा पनि आगामी वर्षको बजेटमा छ ।

'विभिन्न मञ्चमा मुलुकको प्रतिनिधित्व सम्बन्धित देश वा कार्यक्षेत्रमा रहेका नेपाली दूतावासबाट गर्ने व्यवस्था मिलाई नेपाल सरकारबाट अनिवार्य रूपमा प्रतिनिधित्व गर्नुपर्ने बाहेक वैदेशिक भ्रमणलाई निरुत्साहित गरिनेछ', बजेटमा भनिएको छ । चालु आर्थिक वर्षको बजेटमै पनि नेपाल सरकारबाट अनिवार्य रुपमा प्रतिनिधित्व गर्नुपर्ने बाहेक अन्य वैदेशिक भ्रमणलाई निरुत्साहित गर्ने उल्लेख थियो ।

### "सेवाग्राहीसँग शुक्रबार" कार्यक्रम

आगामी वर्षको बजेटमा अर्थमन्त्री पुनले सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्याङ्कनको तेस्रो प्रतिवेदनका आधारमा सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति तयार गरी कार्यान्वयनमा ल्याउने घोषणा गरेका छन् ।

सेवाग्राही र सेवाप्रदायक बीच नियमित सम्वाद मार्फत सम्पादित कामको विषयमा सेवाग्राहीको पृष्ठपोषण लिन, गुनासाको तत्काल सम्बोधन गर्न र कार्यसम्पादनमा सुधार ल्याउन 'सेवाग्राहीसँग शुक्रबार' कार्यक्रम सञ्चालन गर्ने पनि बजेट वक्तव्यमा उल्लेख छ । तर, यो कार्यक्रम कस्तो मोडलमा सञ्चालन हुन्छ भन्ने स्पष्ट छैन ।

आगामी वर्षको बजेटले भूमि प्रशासन सम्बन्धी अभिलेखलाई डिजिटाइज्ड गरी जग्गाधनीको पहुँच हुने व्यवस्था मिलाउने भनेको छ । बैंक, वित्तीय संस्था, सहकारी संघसंस्थाबाट पेश हुने रोक्का तथा फुकुवा सम्बन्धी कार्य पूर्ण रुपमा अनलाइन प्रणालीबाट सञ्चालन गर्ने पनि उल्लेख छ ।

आधुनिक प्रविधिमा आधारित नयाँ राष्ट्रिय नियन्त्रण विन्दु सञ्जाल स्थापना गरी परिशुद्ध नापनक्सा कार्य अगाडि बढाउने र नाप नक्सासम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रविधियुक्त बनाउने पनि बजेट वक्तव्यमा उल्लेख छ ।

चालु आर्थिक वर्षको बजेटमा पनि उस्तै घोषणा भएको थियो । 'जग्गा प्रशासनमा सुशासन भन्ने नाराका साथ जग्गा प्रशासन सम्बन्धी कामलाई सूचनाप्रविधिमा आधारित बनाइनेछ' चालु आर्थिक वर्षको बजेटमा भनिएको थियो, 'आगामी आर्थिक वर्ष सबै नापी, भूमिसुधार तथा मालपोत कार्यालयमा भू-सूचना प्रविधिमा आधारित अनलाइन सेवा प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।' सेवाग्राहीले विद्युतीय माध्यमबाट ट्रेस नक्सा, दृष्टिवन्धक, रोक्का लगायतका सेवा लिन सक्ने व्यवस्था मिलाउने घोषणा पनि पुरानै हो ।

अझ चालु आर्थिक वर्षको राष्ट्रिय परिचय पत्र, राहदानी, सवारी चालक अनुमति पत्र लगायत सेवा सहज रूपमा उपलब्ध गराउन आवश्यकतानुसार दुई सिफ्टमा सेवा प्रदान गर्ने व्यवस्था मिलाउने घोषणा पनि अलपत्र छ ।

राष्ट्रिय परिचय पत्र, राहदानी, सवारी चालक अनुमति पत्र, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र अध्यागमन लगायतका सेवा प्रवाहका लागि सञ्चालित विद्युतीय प्रणालीहरूबीच अन्तरआबद्धता कायम गरी सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाउने र विभिन्न सरकारी सेवाहरूको सूचना प्रणालीलाई नागरिक एपसँग आबद्ध गर्ने भनिए पनि त्यसमा सरकारले खासै चासो दिएको छैन ।

### राजस्व प्रशासनमा पुरानै गफ

सरकारले आन्तरिक राजस्व परिचालन रणनीति तर्जुमा गरी लागू गर्ने घोषणा पनि गरेको छ । छैटौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजनाबमोजिम भन्सार प्रशासन सुधार गर्ने र राजस्व प्रशासनको विभागीय प्रमुखमा पदस्थापन गर्दा आवश्यक पर्ने निश्चित योग्यता एवं कार्यअनुभव सहितको मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने समेत बजेटमा वक्तव्यमा उल्लेख छ ।

करदाताको संख्या र कारोबारको प्रकृतिअनुसार आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको विस्तार एवं स्तरोन्नति गर्ने र भन्सार प्रशासनको संगठनात्मक सुधार गर्ने घोषणा पनि भएको छ । भन्सार जाँचपास कार्यालयको पुनर्संरचना गरी जाँचपास पछिको परीक्षण कार्यलाई प्रभावकारी बनाउने बजेटमा उललेख छ ।

राजस्व प्रशासनमा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली लागू गर्ने र कार्यरत कर्मचारीको व्यावसायिकता एवं मनोबल उच्च राख्न उपयुक्त उत्प्रेरणाको व्यवस्था गर्ने भनिएको छ ।

कर परीक्षण तथा अनुसन्धानलाई स्वच्छ, पारदर्शी र आधुनिक बनाउन ई- एसिसमेन्ट तथा फेसलेस अडिट लागू गर्ने र राजस्व प्रशासनमा इन्टेलिजेन्स युनिट खडा गरी सूचनाको प्राप्ति, वर्गीकरण, एकीकरण र विश्लेषण गर्ने प्रणालीको विकास गर्ने विषय पनि बजेटमा छ ।

'कर प्रशासनको कार्य प्रक्रिया सरलीकरण गर्न र कर दाताको कर परिपालना सहज बनाउन बिजनेस प्रोसेस रि-इन्जिनियरिङको आधारमा सेवा प्रवाहलाई सरल, सहज, भरपर्दो र विश्वसनीय बनाउने र कर सूचना प्रणालीमा भण्डारण भएका तथ्याङ्कलाई भरपर्दो र प्रभावकारी बनाउन नियमित रूपमा प्रणाली अडिट गर्ने वक्तव्यमा उल्लेख छ ।

'करदाता र कर प्रशासनले प्रयोग गर्ने सूचना प्रविधि प्रणालीबीच अन्तरआवद्धता कायम गरी करदाता पोर्टलबाट दाखिला हुने सबै विवरण एपीआई मार्फत समेत दाखिला गर्न सक्ने गरी विभागको प्रणालीमा परिमार्जन गरिनेछ', वक्तव्यमा भनिएको छ ।

राजस्व प्रशासनबाट प्रदान हुने सेवालाई पेपरलेस, फेसलेस र कन्ट्याक्टलेस बनाउन र करसम्बन्धी सूचना विश्लेषण गर्न कृत्रिम बौद्धिकता (एआई)को प्रयोग गर्ने र सूचना प्रविधिमा आधारित भन्सार प्रणाली विकासका लागि अंकटाडसँग सहकार्य गर्ने समेत बजेटमा व्यवस्था छ ।

'भन्सार कार्यालयलाई मेटल डिटेक्टर, एक्सरे, ब्यागेज स्क्यानर र भेहिकल स्क्यानर लगायतका उपकरण जडान गरी आधुनिक प्रविधियुक्त बनाइनेछ र नेपाल राष्ट्रिय एकद्वार प्रणालीको कार्यान्वयनलाई प्रभावकारी बनाई एकीकृत प्रणाली मार्फत करदाताको व्यावसायिक समय र लागत घटाइनेछ' बजेट वक्तव्यमा भनिएको छ, 'भन्सार प्रज्ञापन पत्रमा भन्सार अधिकृतको डिजिटल सिग्नेचर कार्यान्वयनमा ल्याइनेछ ।'

राजस्व प्रशासन सुधारमा गरिएका यस्ता अधिकांश घोषणा पनि नयाँ हैनन् । चालु आर्थिक वर्षको बजेटमै राजस्व प्रशासनलाई स्वच्छ, पारदर्शी, प्रविधिमैत्री, व्यावसायिक र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता एवम् कर परिपालना अभिवृद्धि गर्ने उल्लेख थियो ।

कर प्रशासनबाट प्रवाह हुने सेवालाई स्वचालित प्रणालीमा आवद्ध गर्दै लैजाने नीतिअनुरूप सबै करदातालाई क्युआर कोड सहितको कर चुक्ता प्रमाणपत्र स्वचालित रूपमा उपलब्ध हुने व्यवस्था मिलाइने, भन्सारमा पेश गर्नुपर्ने सबै किसिमका कागजात क्रमश: विद्युतीय माध्यमबाट पेश गर्न सक्ने व्यवस्था मिलाई भन्सार जाँचपास प्रणालीलाई सरल र पारदर्शी बनाउने कार्यान्वयनमा रहेको बजे वक्तव्यमै उल्लेख थियो । मालवस्तु तथा यात्रुको जाँचपासमा आधुनिक उपकरणको प्रयोग बढाउँदै लगिने पनि भनिएको थियो ।

स्वेच्छिक कर सहभागिता अभिवृद्धि तथा कर चुहावट नियन्त्रणका लागि कर परीक्षणलाई अन्तर्राष्ट्रिय अभ्यासअनुरूप विद्युतीय प्रणालीमा आधारित 'ई-एसेसमेन्ट पद्धति' को सुरूवात गर्ने घोषणा समेत चालु आर्थिक वर्षको बजेटमै भएको थियो ।

(स्रोत: अनलाइनखबर)

# गणतन्त्र दिवसको विदामा पनि आक्रामक 'पूजार सार्की'



काठमाडौं/बुद्ध जयन्तीको विदा पारेर प्रदर्शनमा आएको फिल्म 'पूजार सार्की'ले इनिसियल व्यापार आक्रामक गऱ्यो । पहिलो दिन बिहीबार र तेस्रो दिन शनिबार फिल्मको व्यापार सानदार थियो । अरु दिनमा पनि व्यापारिक रफ्तार कमजोर हुन नदिएको फिल्मले एकपटक फेरि बक्स अफिसमा आफ्नो शक्ति देखाएको छ । मंगलबार गणतन्त्र दिवसको विदामा फिल्मको व्यापारमा उछाल आएको छ ।

देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सको देशभरका ९ वटा स्टेशनसहित आइएनआई, वान् सिनेमाज, एफएक्यूब, बिग मुभिज, विएसआर जस्ता हलहरुमा प्राप्त गरेको शोजमा फिल्मले मंगलबार बिहानैदेखि उल्लेख्य दर्शक भित्राएको छ । मध्यान्हबाट फिल्मलाई उपलब्ध शोजमा ८० प्रतिशतमाथि अकुपेन्सी देखिएको छ भने साँझका धेरैजसो शोजहरु हाउसफुल हुने चरणमा छन् ।

काठमाडौंसहित मोफसलका प्राय: हलमा पनि मंगलबार फिल्म हेर्ने दर्शक उल्लेख्य रहेको वितरकले जानकारी गराए । नेपालगञ्ज, चितवन, बुटवल, दमौली, पोखरा जस्ता सहरहरुमा फिल्मको व्यापार बलियो छ । युवापुस्ता र पारिवारिक दुवै वर्गका दर्शकलाई हलमा आकर्षित गरेको फिल्मले प्रतिक्रिया पनि असल पाएको छ । विशेषगरी अभिनेता प्रदीप खड्काको अभिनय रुचाइएको छ ।


फिल्मले मंगलबार पनि बम्पर व्यापार गरेपछि सोमबार जापानबाट काठमाडौं आइपुगेका अभिनेता पल शाहले विभिन्न हलमा पुगेर दर्शकसँग भेट गरिरहेका छन् । दिउँसो उनी चाबहिलस्थित एफक्युब हलमा पुग्दा फिल्म हेर्ने दर्शकको ठूलो उपस्थिति देखिएको थियो । उनीसँग तस्वीर खिच्न बच्चादेखि तन्नेरीसम्मको हानाथाप चलेको थियो । दर्शकको साथले उनी पनि प्रफुलत भावमा देखिए ।

जापान पुगेर पहिलोपटक 'पूजार सार्की' हेर्दा आफू भावविह्वल भएको पलले स्मरण गरे । 'व्यस्तताले गर्दा मैले नेपालमा फिल्म हेर्न पाएको थिइनँ । जापानमा दर्शकहरुसँग बसेर फिल्म हेरेँ । त्यसबेला मेरो आँखामा आँशु पनि आयो । त्यसमाथि दर्शकहरुको त्यो हिसाबको उपस्थितिले म डबल भावुक भएँ,' उनले सम्झिए । दर्शकले आफ्नो अभिनय रुचाइएकोमा पनि उनले खुसी व्यक्त गरे ।

'पूजार सार्की'ले घरेलु बजारमा राम्रो व्यापार गरिरहेको भए पनि निर्माण टिमले 'कलेक्सन रिपोर्ट' सार्वजनिक गरेको छैन । निर्देशक दिनेश राउतले अब एक हप्ताको रिपोर्ट सार्वजनिक गरिने जानकारी गराए । यद्यपि, फिल्मले मंगलबारसम्ममा ४ करोड हाराहारी व्यापार गर्ने आँकलन गरिएको छ । जातीय विभेदविरुद्धको कथामाथि आधारित भएर बनेको फिल्मका लेखक विकास सुवेदी हुन् ।

(स्रोत: फिल्मीखबर)

# बनेपामा फिल्म स्टुडियो बनाउन सुरु गरिने



काठमाडौं/सरकारले फिल्म छायांकनका लागि स्टुडियो निर्माणको काम अगाडि बढाउने भएको छ । मंगलबार संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री वर्षमान पुनले काभ्रेको बनेपामा फिल्म स्टुडियो निर्माणको काम सुरु गरिने जानकारी गराएका हुन् ।

अर्थमन्त्री पुनले दोलखामा सार्वजनिक तथा निजी साझेदारीमा अन्तर्राष्ट्रिय फिल्म सिटी निर्माण गरिने समेत बताएका छन् । स्टुडियो निर्माण र फिल्म सिटीसहितका आयोजनाका लागि सरकारले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई ७ अर्ब ३५ करोड बजेट विनियोजन गरेको छ ।

सरकारले काभ्रेपलाञ्चोक जिल्लास्थित बनेपा नगरपालिका वडा नं. १० र १३ अन्तर्गत बाहुनडाँडा सामुदायिक वनको जग्गामा फिल्म स्टुडियो निर्माण गर्न दिने निर्णय गरेपछि जिल्ला वन कार्यालयले चलचित्र विकास बोर्डलाई जग्गाको स्वामित्व प्रदान गरिसकेको छ । अब सरकारले स्टुडियो निर्माणको काम अगाडि बढाउने भएपछि फिल्म क्षेत्रमा खुसी छाएको छ ।

# साम्राज्ञीलाई स्टारडम 'रिन्यू' गर्ने इच्छा !



काठमाडौं/फिल्म 'फर्की फर्की'बाट सुपरस्टार अनमोल केसीले अघिल्लो फिल्म 'छड्के २'बाट गुमेको स्टारडम फर्काएपछि अब उनकै फिल्म 'ड्रिम्स'बाट डेब्यु गरेकी अभिनेत्री साम्राज्ञी आरएल शाहलाई पनि आफ्नो नयाँ फिल्म 'लण्डन टू पेरिस'बाट स्टारडम 'रिन्यू' गर्नुपर्ने चुनौती रहेको टिप्पणी भैरहेको छ । अघिल्ला केही फिल्महरु असफल हुँदा उनको करिअरलाई नै प्रत्यक्ष रुपमा असर पारेको छ ।

सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा साम्राज्ञीलाई पत्रकारले सोधेका थिए, 'तपाईंलाई अब स्टारडम 'रिन्यू' गर्नुपर्छ भन्ने बोध भएको छ ?' उनले यसलाई स्वभाविक मानिन् । उनले भनिन्, 'सायद त्यो सबैजनालाई हुन्छ । त्यो हाम्रो मानवीय स्वभाव हो । सबैलाई राम्रो गर्न मन लाग्छ । राम्रो कामलाई सबैले मन पराइदिउन्, माया गरिदिउन् भन्ने त भइहाल्छ नि । यो स्वभाविक नै हो ।'

साम्राज्ञी डेब्यु फिल्मदेखि शहरीया चरित्रमा सीमित छिन् । तर, यो आफ्नो इच्छा नभएको उनको जिकिर छ । उनी भन्छिन्, 'शहरी चरित्रमा मैले आफूलाई राखेको होइन । मलाई राखिएको हो । मलाई एउटा जनरामा सीमित बनाइएको छ । त्यसैले त्यस्तै स्क्रिप्ट आउँछ । मलाई पनि फरक चरित्रमा काम गर्न मन छ । तर, जुन स्क्रिप्ट आउँछ, त्यसबाट छानेर राम्रो लागेकोमा मात्र काम गर्छु ।'

'लण्डन टू पेरिस'को चरित्रमा काम गर्न चुनौतीपूर्ण नभएको साम्राज्ञीको अनुभव छ । तर, फिल्मको कथा फरक रहेको उनको दाबी छ । 'मलाई यो चरित्रमा काम गर्न त्यस्तो केही चुनौतीपूर्ण भएन,' उनी अगाडि भन्छिन्, 'स्क्रिप्ट चाहिँ फरक थियो । मेरो चरित्र ठाडो बोल्ने, छुच्ची, घमण्डी खालको भए पनि कथा फरक छ ।' उनले फिल्मको कथा आफ्नो जीवनसँग पनि थोरै मिल्ने बताएकी छन् ।

यही जेठ २५ गतेबाट प्रदर्शन हुन लागेको यो फिल्ममा साम्राज्ञीले फ्रान्सस्थित पेरिस सहरमा बस्ने युवतीको भूमिका निभाएकी छन् । यसै साता सार्वजनिक ट्रेलर हेर्दा उनको भूमिका बोल्ड देखिन्छ । प्रेम र विवाह टुटेपछि विक्षिप्त बनेकी उनको जीवनमा पूर्वप्रेमीको आगमन भएपछि आउने उतार-चढावलाई देखाइएको छ । फिल्ममा उनको जोडी डेब्यु अभिनेता निश्चल खड्कासँग बाँधिएको छ ।

# ईभीमा बढ्यो कर, कुन रेन्जमा कति ?

काठमाडौं/सरकारले विद्युतीय गाडी (ईभी) मा कर बढाएको छ । ईभीको अन्त:शुल्क र भन्सार दरमा परिवर्तन गरेको हो । अर्थमन्त्री वर्षमान पुनले मंगलबार संसदमा प्रस्तुत गरेको आर्थिक विधेयकमा ईभीको कर बढाएका हुन् ।

१० सिटयुक्त ईभीमा अनएसेम्बल्ड र अन्यमा १० प्रतिशतबाट १५ प्रतिशत भन्सार पुऱ्याइएको छ । सोही प्रकारका ईभीमा अन्त:शुल्क पनि अनएसेम्बल्ड र अन्य दुवै प्रकारमा ५ प्रतिशत लगाउने भएको छ । यसमा यसअघि अन्त:शुल्क लगाइएको थिएन । ५० किलोवाटसम्मको मोटर भएका ईभीमा पनि भन्सार बढाइएको छ भने अन्त:शुल्क लगाइने छ । उक्त मोटर क्षमता भएको ईभीमा १० प्रतिशत रहेको भन्सार महसुल १५ प्रतिशत पुऱ्याइएको छ ।

५० किलोवाटसम्म क्षमता भएका ईभीमा ५ प्रतिशत अन्त:शुल्क पनि लगाइने भएको हो । यसअघि अन्त:शुल्क लगाइएको थिएन । ५० देखि १०० किलोवाट मोटर क्षमता भएका ईभीमा भन्सार र अन्त:शुल्क दुईमा समान ५ प्रतिशतले बढाइएको छ । उक्त क्षमताका ईभीमा अनएसेम्बल्ड अन्त:शुल्क नलाग्ने व्यवस्था रहेकोमा अब १५ प्रतिशत लाग्ने भएको छ । सोही क्षमताका अन्य ईभीमा १० प्रतिशत रहेको अन्त:शुल्क १५ प्रतिशत पुग्दा उक्त क्षमताका अनएसेम्बल्ड र अन्य दुवैमा भन्सार १५ प्रतिशतबाट २० प्रतिशत पुऱ्याइएको छ । १०० देखि २०० किलोवाट क्षमतायुक्त ईभीमा भन्सार १० प्रतिशतले बढ्दा अन्त:शुल्क भने यथावत राखिएको छ । उक्त मोटर क्षमताको अनएसेम्बल्ड ईभीमा यसअघि अन्त:शुल्क नचलाए पनि अब २० प्रतिशत लाग्ने भएको छ भने तयारी भएर पैठारी हुनेको अन्त:शुल्क २० प्रतिशत नै यथावत छ ।

# कम्पनीमा पूँजी वृद्धि गर्दा दफा ५७ को कर तिर्नु नपर्ने

काठमाडौं/कुनै कम्पनीमा थप लगानी गरी पूँजी वृद्धि गर्दा अबदेखि दफा ५७ अनुसार लाभकर तिर्नुनपर्ने भएको छ । अहिले आयकरको दफा ५७ बमोजिम कुनै कम्पनीको ५० प्रतिशतभन्दा बढी स्वामित्व खरिद बिक्री हुँदा त्यसबापत हुने लाभमा २५ प्रतिशतसम्म कर तिर्नुपर्छ ।

'अब कुनै कम्पनीको चुक्ता पूँजी १ सय रहेछ र त्यसमा अर्को कुनै व्यक्तिले थप २ सय लगानी गऱ्यो भने त्यसरी प्राप्त हुने लाभमा कर लाग्दैन,' अर्थ मन्त्रालयका राजस्व महाशाखा प्रमुख धनीराम शर्माले भने । अर्थमन्त्री वर्षमान पुनले व्यवसायको क्षमता विस्तारका लागि पूँजी वृद्धि गरेको अवस्थामा नियन्त्रणमा परिवर्तनका कारण लाग्ने करमा सहुलियत दिने व्यवस्था मिलाइएको बताए । 'यसबाट खासगरी स्टार्टअप र भेन्चर क्यापिटल, प्राइभेट इक्विटी फन्ड लाभान्वित हुने विश्वास लिएको छु,' अर्थमन्त्री पुनले मंगलबार बजेट मार्फत घोषणा गरे, 'खासगरी, स्टार्टअपहरूमा थप लगानी गर्दा कर तिर्नुपरिरहेको अवस्थालाई यसले सम्बोधन गर्ने छ ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# आगामी आवमा ६ प्रतिशत आर्थिक बृद्धि हुने अनुमान

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ अर्थमन्त्री वर्षमान पुन 'अनन्त'ले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि १८ खर्ब ६० अर्ब रुपैयाँको बजेट संसदमा पेस गरेका छन् । मंगलबार प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा ३४७ बुँदामा बजेट प्रस्तुत गरेका थिए ।

कुल विनियोजनमध्ये चालुतर्फ ११ खर्ब ४० अर्ब ६६ करोड रुपैयाँ (६१.३१ प्रतिशत), पुँजीगततर्फ ३ खर्ब ५२ अर्ब ३५ करोड रुपैयाँ (१८.९४ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ ३ खर्ब ६७ अर्ब २८ करोड रुपैयाँ (१९.७४ प्रतिशत) रहेको छ । चालु आर्थिक वर्षको विनियोजनको संशोधित अनुमानको तुलनामा २१.५६ प्रतिशतले बढी हो । बजेटमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण तर्फ ४ खर्ब ८ अर्ब ८७ करोड विनियोजन रहेको छ ।

राजस्वबाट १२ खर्ब ६० अर्ब ३० करोड संकलन हुने अनुमान छ भने ५ खर्ब ४७ अर्ब ६७ करोड रुपैयाँ न्यून हुनेछ । न्यून बजेट पूर्ति गर्न वैदेशिक ऋणबाट २ खर्ब १७ अर्ब ६७ करोड जुटाइने र ३ खर्ब ३० अर्ब आन्तरिक ऋणबाट व्यहोरिने अर्थमन्त्री पुनले बताएका छन् । आगामी आर्थिक वर्षमा ६ प्रतिशत आर्थिकवृद्धि हासिल हुने अनुमान गरिएको छ । आगामी वर्ष मुद्रास्फीति ५.५ प्रतिशत रहने अनुमान छ ।

अर्थमन्त्री पुनले संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट सार्वजनिक गर्दै कृषिको व्यवसायिकरण एवम् आधुनिकीरणका लागि कृषिउपजको विशेषक्षेत्र पहिचान गरी उत्पादन, बजारीकरण गरिने बताएका छन् । आगामी आर्थिक वर्षका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई ५७ अर्ब २९ करोड रुपैयाँ विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षका लागि बजेट अनुमान सार्वजनिक गर्दै कृषि क्षेत्रका भिन्न परियोजनाहरू सार्वजनिक गरेका छन् । आगामी दसक कृषिमा लगानी दसकका रुपमा मनाउने घोषणा गरिएको हो ।

कृषिको व्यवसायिकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्ववृद्धि गर्ने भएको छ । सरकारी, निजी, सहकारी तथा विकास साझेदारबाट कृषिक्षेत्रमा लगानीवृद्धि गर्न २०८१ देखि २०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा गरिएको हो । भूगोल, बजार सम्भाव्यता एवम् पारिस्थितिको विशिष्टता अनुकूल संघ, प्रदेश र स्थानीय तहबाट कृषिउपजको विशेष क्षेत्र पहिचान गरी उत्पादन प्रवर्द्धन गरिने बताइएको छ ।




**हेटौंडामा मनाइयो गणतन्त्र दिवस** : हेटौंडामा १७ औं गणतन्त्र दिवस भव्यताका साथ मनाइएको छ । प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा मंगलबार विशेष कार्यक्रमको आयोजना गरी गणतन्त्र दिवस मनाइएको हो । गणतन्त्र दिवसको उपलक्ष्यमा हेटौंडास्थित भुटनदेवी माविको प्राङ्गणबाट बिहानै निस्किएको प्रभातफेरीले हेटौंडा नगरको परिक्रममा गरी मुख्यमन्त्री कार्यालय परिसरमा पुगेर कोणसभामा परिणत भएको थियो । समारोहको प्रदेशप्रमुख यादवचन्द्र शर्माले उद्घाटन गरेका थिए । कार्यक्रममा विविध सम्मान तथा पुरस्कार वितरण र शुभकामना आदानप्रदान गरिएको थियो । *तस्बिर: साझाकुरा ।*

# पाँच बालसमूहलाई उपमहानगरको सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/बालमैत्री उपमहानगर घोषणाको अभियानमा रहेको हेटौंडा उपमहानगरपालिकाले उत्कृष्ट पाँच बालसमूहलाई सम्मान गरेको छ ।

नगरका १९ बडामा गठन भएका ३७६ वटा बालसमूहमध्येबाट पछिल्लो समय बालमैत्री घोषणा अभियानलाई अघि बढाउनका लागि काम गरिरहेका पाँच बालसमूहलाई मंगलबार हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले सम्मान गरेकी हुन् । महिला बालबालिका तथा समावेसीकरण महाशाखाले गरेको मूल्याङ्कनका आधारमा हेटौंडा-२ को सिदार्थ, ४ को मित्रसमाज, ८ को धौलागिरी, १६ को लक्ष्मीनारायण र १८ को कमला श्रृजनशील बालसमूहलाई नगद सहित सम्मान गरिएको हो ।

कार्यक्रममा हेटौंडा-८ को बालसञ्जाललाई प्रोत्साहनस्वरुप नगद हस्तान्तरण गरिएको थियो । पुरस्कार हस्तान्तरण गर्दै नगरप्रमुख लामाले उपमहानगरको अभियानलाई अघि बढाउनका भूमिका खेल्ने सबैलाई धन्यवाल दिइन् । सुन्दर नगर निर्माणको अभियानमा बालमैत्री घोषणाले ठुलो भूमिका खेल्ने बताइन् ।

त्यस्तै बालमैत्री पालिका कार्यान्वयनका लागि हेटौंडा-४ पुष्पलाल पार्कमा बालमैत्री सिकाई स्रोतकेन्द्रको उद्घाटन गरिएको छ । केन्द्रमा बालबालिकाका लागि आवश्यक जानकारी, पुस्तकहरु र खेर अध्ययन तथा छलफलको व्यवस्था मिलाइएको छ । केन्द्रको उद्घाटन पछि जिल्ला समन्वय समितिमा आयोजित नगरस्तरीय बालभेला तथा योजना तर्जुमा साथै उत्कृष्ट बालसमूह/सञ्जाल पुरस्कार कार्यक्रममा बालसमूहलाई सम्मान गरिएको थियो ।

नगरस्तरीय बालसञ्जालका उपाध्यक्ष कृशाङ्गी अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१६ का अध्ययक्ष एवम् सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोईराला, हेटौंडा-१८ का वडासदस्य लेखराज खतिवडा, महिला बालबालिका तथा समावेसीकरण महाशाखा प्रमुख बिष्णुकुमारी लामिछाने, शाखाप्रमुख मन्दिरा थापालगायतको आतिथ्यता रहेको थियो ।

# लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको अधिवेशन

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ कांग्रेसनिकट नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ मकवानपुरको प्रथम जिल्ला अधिबेशन सम्पन्न भएको छ ।

आदिवासी जनजाति महासंघ मकवानपुरका तदर्थसमिति अध्यक्ष पदम तितुङको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेशसभापति इन्द्रबहादुर बानियाँको प्रमूख आतिथ्यतामा भएको हो । अधिबेशनलाई सम्बोधन गर्दै सभापति बानियाँले नेपाली कांग्रेस पार्टीसँग आस्था राख्ने सम्पूर्ण व्यक्तिलाई नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ एक उत्कृष्ट स्थान भएकाले पार्टी संगठनलाई बलियो बनाउन सबै एकताबद्ध भएर पार्टीका भातृ एवम् शुभेच्छुक संगठनहरु बलियो र क्रियाशील हुन जरुरी रहेको बताए ।

नेपाली कांग्रेसले आदिवासी जनजातिको पहिचानको रक्षा गर्दै आदिवासी जनजातिलाई एकताबद्ध गर्न नेपाली कांग्रेस लागि परेको बताउँदै नेता बानियाँले विभिन्न जाति, भाषा, धर्म र वर्गका लाखौं आदिवासीलाई एउटै संगठनमा आवद्ध गर्न कांग्रेस सफल भएको बताए ।

मनहरीमा भएको कार्यक्रममा कांग्रेस मकवानपुरका अध्यक्ष बुद्ध लामा, बागमती प्रदेश सदस्य चम्फुरत्न लामा, जिल्ला प्रवक्ता अर्जुन चौलागाईं, संघीय सभापतिद्वय दामोदर खनाल र लोक मुक्तान, प्रतिनिधिसभा १ ख का सभापति रञ्जन कालाखेती, पूर्वराज्यमन्त्री सन्त चेपाङ, महासमिति सदस्यद्वय भरत लामा र राजेश भेटवाल, मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौला, हेटौंडा नगरउपसभापति डोल्मा स्याङ्बो, जनजाति महासंघकी केन्द्रीय सदस्य लक्ष्मी थिङ, जिल्ला उपाध्यक्ष कविता श्रेष्ठ, नेविसंघ केन्द्रीय सदस्य मिलन पुडासैनी, मनहरी-७ का वडा अध्यक्ष ठाकुर तितुङलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ मकवानपुर जिल्लाको प्रथम अधिवेशनबाट दोस्रो कार्यकालका लागि सर्वसहमतिले पुन: पदमबहादुर तितुङको नेतृत्वमा मकवानपुर जिल्ला कार्यसमिति गठन भएको छ ।

# पदमपोखरीमा १६९ जनालाई दन्तसेवा

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/हेटौंडा उपमहानगरले सञ्चालन गरेको पदमपोखरी अस्पतालबाट १६९ जनाले दन्तसेवा लिएका छन् । हेटौंडा अस्पतालसँगको सहकार्यमा सञ्चालन भएको नि:शुल्क बिशेषज्ञ सहितको शिविरबाट बजारसम्म सहज पहुँच नभएका स्थानीयले स्वास्थ्यसेवा लिएका हुन् ।

मंगलबारको शिबिरमा १०४ जनाको उपचार गरिएको हो । ३० जनाको दाँत निकालिएको र अन्यलाई ओपिडि सेवा दिइएको अस्पतालका स्वास्थ्यकर्मी शेरबहादुर ब्लोनले जानकारी दिए । १ दिने शिबिरमा हेटौंडा अस्पतालका बिशेषज्ञ डाक्टर करुणा ब्लोन र अस्मित पोखरेलले सेवा दिएका थिए ।

शिबिरको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । शिविरको उद्घाटन गर्दै उपमहानगरले स्थानीय तहमा सञ्चालन गरेको दुई अस्पताललाई व्यवस्थित गर्दै लैजानका लागि योजना बनाएर अघि बढेको बताइन् । पहिलोचरणमा जनधनत्वलाई ध्यान दिंदै १३ र १६ मा सञ्चालन गरेको अस्पतालमा चिकित्सक व्यवस्थानका लागि काम भैरहेको जानकारी दिइन् ।

शिबिरको उद्घाटन कार्यक्रममा वडामा सक्रिय रहेका पाँचजना सामुदायिक महिला स्वयमसेविकालाई सम्मान गरिएको थियो । स्वास्थ्यसेवाका लागि सक्रिय रहने गंगाकुमारी चौंलागाई, मीना स्याङतान, सुनिता मोक्तान, सपना मोक्तानलाई नगद ७ हजार रुपैयाँ सहित दोसल्ला ओढाएर नगरप्रमुख लामाले सम्मान गरेकी हुन् ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवम् हेटौंडा-१३ का अध्यक्ष पेम्बा लामाको अध्यक्षतामा भएको कार्यक्रममा वडासदस्यहरु मञ्जु गोम्जा, उत्तम गोम्जा, सानुमाया नेपाली, अस्पताल व्यवस्थापन समितिका सदस्य बिष्णुमाया लामा, अस्पतालका मेडिकल अधिकृत डा.निशान अर्याल, हेटौंडा उपमहानगरका अहेब केशव तिमल्सिना, बालसहजकर्ता निशा कट्टेलगायतको आतिथ्यता रहेको थियो ।

# एमाले मकवानपुरको जिल्ला अधिबेशन तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/नेपाल कम्युनिष्ट पार्टी (एमाले) मकवानपुर को १२ औं जिल्ला अधिवेशनको तयारी पूरा भएको जनाइएको छ । अधिवेशन आयोजक कमिटीले मंगलबार पत्रकार सम्मेलन गर्दै अधिवेशनको तयारी पूरा भएको जानकारी दिएको हो ।

१८-१९ जेठमा हुने अधिवेशनको उद्घाटनका लागि एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली आउने भएको पार्टी मकवानपुर इन्चार्ज देवी ज्ञवालीले जानकारी दिए । अधिवेनका लागि विभिन्न समितिहरु गठन गरिएको छ । कुल ७६९ जना अधिवेशन प्रतिनिधिले जिल्ला कमिटीका पदाधिकारी र सदस्यहरु चयन गर्ने एमाले मकवानपुर अध्यक्ष एकालाल श्रेष्ठले जानकारी दिए ।

अधिवेशनमा जिल्लाका १० वटै पालिकाबाट प्रतिनिधि, पर्यवेक्षक र विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तित्व, पार्टीको जनवर्गीय संगठनबाट सहभागीता रहने एमाले मकवानपुरका इन्चार्ज ज्ञवालीले बताए । अधिवेशनमा मकवानपुर जिल्लाका ११ हजार ६ सय ८४ जना पार्टी सदस्यबाट अधिवेशनको लागि प्रतिनिधि चयन गरिएको एमाले मकवानपुर सचिव नवीन सिग्देलले जानकारी दिए ।

अधिवेशनमा मजदुर, पेशागत जनसंगठन, जेष्ठ कम्युनिष्ट मञ्च, सल्लाहाकार परिषद्बाट छानिएर ७ सय ६९ प्रतिनिधिले सहभागिता जनाउनेछन् । अधिवेशनले १०५ सदस्यीय जिल्ला कमिटी चयन गर्ने सिग्देलले बताए । त्यसपछि जिल्ला कमिटीले १० प्रतिशत सदस्य मनोनीत गर्नेछ ।

अधिबेशनको लागि दुई सयजना स्वयंसेवक परिचालन गरिनुको साथै १२ वटा समितिहरु बनाई सम्पूर्ण तयारीको काम भइरहेको अध्यक्ष श्रेष्ठले बताए । उद्घाटनसत्रमा पार्टीका केन्द्रीय नेताहरु समेतको सहभागिता रहने बताइएको छ ।

# लोकतान्त्रिक गणतन्त्रको विकल्प छैन

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/संघीय लोकतान्त्रिक गणतन्त्रको बिकल्प नभएको संबिधानसभा सदस्य एवम् नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य प्रल्हाद लामिछानेले बताएका छन् ।

१७औं गणतन्त्र दिवसको उपलक्ष्यमा वाईसीएल नेपाल र अखिल क्रान्तिकारी हेटौंडा उपमहानगर कमिटीले संयुक्तरुपमा हेटौंडाको बुद्धचोकमा आयोजना गरेको दीपप्रज्वलन कार्यक्रमलाई संबोधन गर्ने क्रममा लामिछानेले १० बर्षे जनयुद्ध र जनयुद्धको जगमा उपलब्धिको रुपमा गणतन्त्र आएको र गणतन्त्रको संस्थागत विकास गर्नु सबैको दायित्व भएको बताए ।

अखिल क्रान्तिकारी हेटौंडा उपमहानगर कमिटी अध्यक्ष बिजन लटौलाको अध्यक्षतामा भएको कार्यक्रममा वाईसीएल नेपाल हेटौंडा उपमहानगर कमिटी अध्यक्ष मदन उप्रेतीले स्वागत गरेका थिए । अखिल क्रान्तिकारी मकवानपुर कोषाध्यक्ष बुद्धराज अर्यालले सहजीकरण गरेको कार्यक्रममा नेकपा माओवादी केन्द्रका बागमती प्रदेश कमिटी उपाध्यक्ष एबम् प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति संयोजक भीम पाखीन, सचिव वीरबहादुर घलान 'ज्वाला', हेटौडा उपमहानगर कमिटी अध्यक्ष तीर्थबहादुर थापामगर, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज ध्रुबराज ढकाल, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य राजकुमार मोक्तान, प्रदेश कमिटी सचिव रामकृष्ण शिवाकोटी, मकवानपुर अध्यक्ष श्रवण बर्तौला, स्वतन्त्र विद्यार्थी युनियन मकवानपुर बहुमुखी क्याम्पस सभापति छोइसाङ लामालगायत युवा, विद्यार्थीको सहभागिता रहेको थियो ।

# सहकारी सुशासन, प्रविधि र एकीकरणसम्बन्धी अनुशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ हेटौंडामा सहकारी सुशासन, प्रविधि र एकीकरण विषयक एक दिने अनुशिक्षण भएको छ । मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको सहयोगमा कार्यक्रम भएको हो ।

संघका अध्यक्ष रामहरि न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सहकारी विकास वोर्डको कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै देवकोटाले सहकारीमा आएको पछिल्लो घटनाले सबैक्षेत्रमा संशकित भएको बताए । मकवानपुरको हकमा भने सहकारी त्यस्तो समस्या नरहेको भन्दै उनले सहकारीको नीति र विधिमा रहेर काम गर्न आग्रह गरेका छन् ।

उनले विभागले जस्तै स्थानीय सरकारले पनि सहकारीमा ऋणको भाखा नघाउने सदस्यलाई कानुनी दायरामा ल्याउन मापदण्ड बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । स्थानीय तहबाट विभिन्न



सिफारिस रोक्नुका साथै सदस्यलाई सहकारीले झक्झकाउनुपर्ने बताए । उत्पादनसँग जोडेर लगानी गर्न अनुरोध गर्दै देवकोटाले सहकारीमा सुशासन र प्रविधिमैत्री बनाई सेवाप्रदान गर्न अनुरोध गरेका छन् ।

कार्यक्रममा मकवानपुर जिल्ला सहकारी संघका उपाध्यक्ष मेनका दाहाल, हेटौंडा उपमहानगर सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, संघका उपाध्यक्ष शर्मिला डंगोलले भनाई राखेका थिए । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष मीना चौरेल, राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक बल्लब तिमल्सिना, हेटौंडा शाखाप्रमुख रामेश्वर अर्याल, अडानका केन्द्रीय सदस्य प्रकाश ढकाल, जिल्ला सहकारी संघका व्यवस्थापक गोविन्द दाहालगायतको आथ्यिता रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक तिमल्सिनाले सहकारी सुशासन, प्रविधि र एकीकरण विषयमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा बहुउद्देश्यीय सहकारी संघमा आवद्ध जिल्ला विभिन्न सहकारी संस्थाका पदाधिकारी, कर्मचारी तथा विभिन्न उपसमिति सदस्यको सहभागिता रहेको थियो ।

# कान्तिलोकपथको पहिरोले दुईजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ कान्तिलोकपथ अन्तर्गत ललितपुरको बागमती गाउँपालिका-३ भट्टेडाँडामा पहिरो खस्दा ट्याक्टर र मोटर साइकल पुरिएको छ ।

मंगलबार बिहान लोकपथ अन्तर्गत बागमती गाउँपालिका-३ भट्टेडाँडा खरिबासमा सुख्खा पहिरो ट्याक्टर र मोटरसाइकलमा खस्दा दुईजना घाइते भएको जिल्ला प्रहरी परिसर ललितपुरले जनाएको छ । सडकमा गुडिरहेको प्रदेश २-०३-००४ प-५६६१ नम्बरको मोटर साइकल र स १ त ७३१८ नम्बरको ट्याक्टरमाथि पहिरो खसेको हो । दुवै सवारी साधनका चालक घाइते रहेको जनाइएको छ ।

सवारीलाई डोजरको सहयोगमा निकालिएको र घाइतेलाई उपचारका लागि अस्पताल पठाइएको जनाइएको छ । घाइतेको पहिचान खुलिनसकेको र अवरुद्ध सडक खुलाउने प्रयास भइरहेको जनाइएको छ ।

## हार्दिक आमन्त्रण



जन्म: २००७ फागुन १२ गते

स्वर्गारोहण: २०८१ बैशाख २७ गते

स्व. पुतली माया थिङ

हाम्री ममतामयी माता पुतली माया थिङको ७३ बर्षको उमेरमा दु:खद् निधन भएको २१ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । दु:खको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धुबान्धव, छरछिमेकी, आफन्तजन र शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दै अन्त्येष्टीका क्रममा सागरमा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई बौद्ध धर्म अनुसार हुने विशेष पुजा नङ्शल एक हजार छ्यूोमे वाली दिब्यतिथी काजकिरिया (घेवा)मा सहभागी भई पितृप्रसाद ग्रहण गरीदिनुहुन निम्न मिति, समय र स्थानमा हार्दिक आमन्त्रण समेत गर्दछौं ।

**कार्यक्रम**

**मिति:** २०८१ जेष्ठ १७ गते बिहीबार
**समय:** बिहान ०६:०० बजेबाट
**स्थान:** राक्सिराङ १, भुमेथुम (आफ्नै निवास)

प्रार्थी (छोराहरु) :

**देव लामा थिङ, कमान सिंह थिङ, राजमान थिङ, गणेशमान थिङ**
एवम्
**समस्त थिङ परिवार**, राक्सिराङ
असमर्थताको लागि : ९८४५०७६३९३

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना